# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १३१ | काठमाडौं | सोमबार, १६ भदौ २०८२ | Prabhab National Daily | Monday, 01 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## अवकाशमा उमेर हदको विषयले अड्कियो निजामती विधेयक



यो विधेयक गत आर्थिक वर्षमा टुंगिन्छ भनेर त्यस्तो व्यवस्था गरेको थियो। ५८, ५९ र ६० वर्ष क्रमशः लागू हुने व्यवस्थालाई ५९ र ६० वर्ष लागू हुनेगरी जाऔँ।

**भगवती न्यौपाने**
मन्त्री, सामान्य प्रशासन



हामीले सर्वसम्मत निर्णय अस्ति नै गरेर बाहिर गइसक्यो। फेरि बदल्यो भने कुलिङ पिरियडजस्तो हुन्छ। जुन वर्ष विधेयक प्रमाणीकरण हुन्छ त्यो वर्ष ५८ भनेको हो।

**बेदुराम भुसाल**
सांसद, एकीकृत समाजवादी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय निजामती सेवा विधेयकमा उमेर हद लागू गर्ने समयको विषयमा विवादका कारण छलफल लम्बिएको छ। आइतबार राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा अन्तिम रूप दिने तय गरे पनि विधेयकमा उमेर हद कहिलेबाट लागू गर्ने ? भन्ने विषयमा सहमति जुटेन।

बिहान ८ बजेदेखि बसेको छलफल रातिसम्म चल्दा पनि अवकाशको उमेर हद यस वर्षबाट सुरु गर्ने कि, अघिल्लो वर्षबाट भन्ने विषयमा विवाद भएको हो। हाल अवकाशको उमेर ५८ वर्ष छ।

विधेयक प्रमाणीकरण भएको वर्ष ५८ वर्षकै उमेर हदअनुसार अवकाश हुने त्यसपछि ५९ र अर्को वर्ष ६० हुनेगरी अवकाशको उमेर लागू हुने मोडललाई ५९ र ६० कायम गराउन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले जोडबल गरिन्। मन्त्रालयकै कर्मचारीहरूको अडानका कारण मन्त्री न्यौपानेले यो विषयमा जोडबल गरेकी थिइन्।

सामान्य प्रशासन मन्त्रालयकी सहसचिव मिरा आचार्यले अवकाशको उमेर ५९ वर्ष गर्नुपर्ने प्रस्ताव अघि सारेकी थिइन्। 'अवकाशको उमेर दफा ५८ मा अहिले पदपूर्तिको दरबन्दी अपडेट गर्ने क्रममा छौं। त्यस आधारमा लोकसेवा आयोगले विज्ञापन खोल्छ। यो ऐन भदौमा प्रमाणीकरण गर्दा यो वर्ष हामीलाई पदपूर्ति गर्न सक्दैनौं। त्यसैले अहिले ५९ वर्ष कायम गर्नुपर्छ। हामीलाई काम गर्न सजिलोको दृष्टिकोणले भनेको हो,' सहसचिव आचार्यले भनिन्।

- निजामती कर्मचारीसम्बन्धी ऐन भदौमा प्रमाणीकरण गर्दा यो वर्ष पदपूर्ति गर्न नसक्ने भएकाले यस वर्ष अवकाशको उमेर हद ५९ वर्ष कायम गर्नुपर्नेमा मन्त्रीदेखि कर्मचारीको जोड
- यसै वर्ष अवकाशको उमेर ५९ वर्ष कायम गरे मुख्यसचिव र सचिवलगायत ५८ वर्षको अनिवार्य अवकाश जानेले एक वर्ष थप जागिरको समय पाउने
- प्रतिनिधिसभाबाट ५८ वर्षको अनिवार्य अवकाश व्यवस्था सर्वसम्मत पारित भएर आएकोले अहिले आएर परिमार्जन गर्न नहुनेमा प्रतिपक्षी सांसदहरूको जोड

यो व्यवस्थामा संशोधन गरेर सुरुकै वर्ष ५९ वर्ष कायम गरे मुख्यसचिव र सचिवलगायत ५८ वर्षको अनिवार्य अवकाश जानेले एक वर्ष थप जागिरको समय पाउने छन्।

क्रमशः पृष्ठ २ मा

## नामुद मिर्गौला तस्कर प्रहरीको फन्दामा

### मुख्य नाइकेसहित सात जना समातिए, १० लाखमा बेच्थे मिर्गौला

- सिन्धुपाल्चोकका श्यामकृष्ण भण्डारी हालसम्मकै ठूला मिर्गौला तस्कर भएको प्रहरी दाबी
- भण्डारी स्वयंले २५ जनाको मिर्गौला बेचेको स्वीकारे, १० लाख भारतीय रूपैयाँमा मिर्गौला बेचेको खुलासा
- पाँच वर्षदेखि मिर्गौला तस्करीमा संलग्न भएको आरोप
- पीडितलाई 'एउटा मिर्गौला दिँदा असर हुँदैन र छ लाख रूपैयाँसम्म पाउँछौ' भनेर फकाउने गरेका थिए
- 'अप्रेसन लाइफ शिल्ड' अन्तर्गत भण्डारीसहित सुजन भारती, राकेश नेपाली, समीर नेपाली, कुमार नेपाली, सविन पन्त र राजकुमार तामाङ पक्राउ
- तस्करीको निशानामा काभ्रे, सिन्धुली, धादिङ, सिन्धुपाल्चोक, नुवाकोटका सोझासीधा व्यक्ति



■ **जेबी योञ्जन**

**काठमाडौं–** कम्तीमा १०० जना सोझासीधा नेपालीलाई भारत लगेर उनीहरूको मिर्गौला लाखौं भारतीय रूपैयाँमा बेचेको आपराधिक घटनाको मुख्य नाइके श्यामकृष्ण भण्डारी प्रहरी हिरासत पुगेका छन्। नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार उनी हालसम्मकै ठूला मिर्गौला तस्कर हुन्।

पाँच वर्षदेखि उनी काठमाडौं आसपासका जिल्लाका विपन्न र सोझासीधा नेपालीलाई विभिन्न प्रलोभनमा भारत लगेर मिर्गौला बेच्ने आपराधिक गिरोहका नाइकेका रूपमा सक्रिय थिए। भण्डारी स्वयंले २५ जनाको मिर्गौला बेचेको प्रहरीसँग स्वीकारेका छन्। एक जनाको मिर्गौला उनले भारतीय रूपैयाँ १० लाखसम्ममा बेच्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-७ का ३८ वर्षीय उनलाई ब्युरोबाट खटिएको टोलीले कञ्चनपुरको नेपाल-भारत सीमावर्ती क्षेत्रबाट शनिबार पक्राउ गरेको हो। उनलाई आइतबार सार्वजनिक गर्दै ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक कृष्ण पंगेनीले 'अप्रेसन लाइफ शिल्ड'अन्तर्गत उनी पक्राउ परेको बताए।

पंगेनीका अनुसार प्रारम्भिक अनुसन्धानको क्रममा भण्डारी स्वयंले भारत पुगेर मिर्गौला बेच्न चाहेको खुलेको छ। पंगेनीले भने, 'भण्डारी आफ्नै किड्नी बेच्न भनेर भारत गएका रहेछन् तर डोनर (दिने) र रिसिभर (लिने)बीच मिल्नुपर्ने धेरै फ्याक्टर नमिलेपछि उनले किड्नी बेचेन छन्।'

आफ्नो मिर्गौला बेच्ने स्थिति नभएपछि उनी मिर्गौला बेच्ने धन्दामा सक्रिय भए। उनको यस्तो आपराधिक धन्दाको पर्दाफास भएको सिन्धुलीको दुधौली नगरपालिका-१ का खिलबहादुर भुजेलको मिर्गौला तस्करी प्रकरणले हो। भुजेलले ब्युरोमा मिर्गौला तस्करी भएको भन्दै गत १९ साउनमा उजुरी दिए। अन्य चार जना पीडितको पनि यस्तै प्रकृतिको उजुरी पऱ्यो। ब्युरोका एसपी नरेन्द्र कुँवरका अनुसार यो असामान्य घटना थियो। त्यही भएर ब्युरोले 'अप्रेसन लाइफ शिल्ड' चलायो।

उजुरी परेको भोलिपल्टै मिर्गौला तस्करी प्रकरणमा तीन जना पक्राउ परे। उनीहरू थिए- राकेश नेपाली, समीर नेपाली र कुमार भनिने राजकुमार नेपाली। उनीहरूको पक्राउको समाचार सार्वजनिक भएलगत्तै तस्करहरूले मिर्गौला तस्करी गर्न लागेका नौ जना नेपालीलाई भारतबाट नेपाल फिर्ता पठाए।

यसपछि चलाइएको अप्रेसन लाइफ शिल्डअन्तर्गत ब्युरोको टोलीले एक साता दिल्ली बसेर अनुसन्धान गऱ्यो। एक देशका नागरिकको अर्को देशमा मिर्गौला तस्करी अन्तरदेशीय अपराध हुनाले ब्युरोको टोलीले भारतीय प्रहरीसँग तस्करीका मुख्य आरोपी भण्डारीसमेतको खोजीका लागि सहकार्य गरेको थियो।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## आप्रवासी श्रमिकका लागि सयभन्दा बढी पेसा कटौती गर्दै बेलायत

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बेलायतले रोजगारीमा लग्दै आएको श्रमिकहरूको १०० वटा पेसा हटाएको छ। आफ्नो दक्ष कामदारको भिसा सूचीबाट १०० भन्दा बढी पेसा हटाएसँगै ती पेसामा अब विदेशी श्रमिकको भर्ती नलिने भएको हो।

आफ्नो अध्यागमन नियमहरूमा व्यापक परिवर्तनको घोषणा गर्दै विभिन्न पेसालाई हटाएसँगै विभिन्न मुलुकबाट रोजगारीका लागि जानेहरू प्रभावित हुने भएका छन्। यो नियमले धेरै विदेशी श्रमिकका लागि आवेदन बन्द गर्ने जनाइएको छ।

केयर स्टार्मरको नेतृत्वमा रहेको सरकारले जुलाईमा अध्यागमनसम्बन्धी ८२ पृष्ठको श्वेतपत्र जारी गरेको थियो। शनिबार उक्त पत्रमा समावेश गरिएको नयाँ प्रावधानको घोषणा गरिएको थियो। पछिल्लो समय संसारभरका विभिन्न मुलुकले आप्रवासी कामदारमाथिको निर्भरतालाई कटौती गर्दै आएका छन्। बेलायतले पनि बेलायती नागरिकका लागि अवसरहरू सुनिश्चित गर्ने उद्देश्यले विदेशी कामदारहरूमाथिको निर्भरता घटाउने विषयमा जोड दिएको उक्त पत्रमा उल्लेख गरिएको छ।



एआई जेनेरेटेड तस्बिर

आप्रवासी श्रमिकका लागि बढी संख्यामा माग हुँदै आएको पाइलट, जीव विज्ञानका जानकार, डेलिभरी अपरेटिभ, ब्युटिसियन, हेयरड्रेसर, एयर ट्राफिक कन्ट्रोल असिस्टेन्ट, आर्मी अफिसर, कन्स्ट्रक्सन अपरेटिभलगायत धेरै प्राविधिक भूमिकाहरू प्रभावित हुने भएका छन्।

सरकारले सामाजिक हेरचाह कार्य भिसाको खारेज गर्ने घोषणा गरेको दुई महिनापछि यो कदम चालेको हो। बेलायतमा नेपाल, भारत, पाकिस्तानलगायत अफ्रिकी र युरोपेली महादेशका राष्ट्रहरूबाट श्रमिकहरू रोजगारीमा जाने गरेका छन्। नयाँ प्रतिबन्धले बसाइँसराइको अवस्थालाई व्यवस्थापन गर्न र त्यहीँका कामदारहरूलाई महत्त्वपूर्ण रोजगारीबाट विस्थापित हुनबाट जोगाउने अधिकारीहरूले तर्क गरेका छन्। यद्यपि, यो निर्णयले नीति विश्लेषक र श्रम विज्ञहरूबीच भने बहसको वातावरण तयार गरेको जनाइएको छ।

श्रमिक अभावको समस्या भइरहेको अवस्थामा स्वास्थ्य, उड्डयन र निर्माणजस्ता प्रमुख क्षेत्रहरूमा ठूलो संख्यामा श्रमिक कटौती गरिँदा श्रमिक अभावलाई अझ खराब बनाउन सक्ने चेतावनी विश्लेषकहरूले दिएका छन्। उक्त काम गर्न अनिच्छुक बेलायती श्रमिकको ठाउँमा विगतदेखि आप्रवासीहरूले काम गर्दै आएको उनीहरूको तर्क छ। खारेज गरिने भनेको पेसामा बेलायतीहरू उपलब्ध नभएका कारण पनि त्यो स्थानलाई आप्रवासीले सम्हालेको उनीहरूको दाबी छ।

बेलायतको रोजगारीमा बढी निर्भर मुलुकहरूका लागि सरकारको यो कदमले समस्या उत्पन्न गराउने जनाइएको छ। तुलनात्मकरूपमा खुला भिसा प्रणाली, आकर्षक ज्याला र आप्रवासी समुदायको बलियो समूहलगायतका कारण बेलायतलाई लामो समयदेखि रुचाइएको रोजगार गन्तव्य मानिन्छ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

# नामुद मिर्गौला...

सोही क्रममा भण्डारीसँगै उनका सहयोगी सुजन भारती एकै दिन पक्राउ परे। उनीहरू दुवै दिल्लीको लाजपत नगरमा बस्दै आएका थिए। तर, भण्डारी कञ्चनपुर र भारती वीरगञ्जबाट पक्राउ परेका हुन्। आइतबार भने यही प्रकरणमा सविन पन्त र राजकुमार तामाङ पक्राउ परेको ब्युरोका एसपी कुँवरले प्रभावलाई बताए।

भण्डारीले भारतको ग्रेटर नोयडास्थित यथार्थ हस्पिटल र नाम थाहा नभएका विभिन्न क्लिनिकका कर्मचारी तथा एजेण्टसँग समन्वय गरी नेपालीको मिर्गौला झिकेको प्रहरी दाबी छ। त्यसअघि भने उनले मिर्गौला प्रत्यारोपण गर्ने दिल्लीका अस्पतालसँग सम्पर्क गर्ने गरेको खुलेको छ। अस्पतालले मिर्गौलाको माग गरेपछि नेपालबाट भारतमा मान्छे लगेर मिर्गौला झिकेर बेच्ने गरेको पाइएको हो।

एसएसपी पंगेनी तस्करहरूले सोझासीधा नेपालीलाई फकाएर मिर्गौला दिन तयार पार्नेबारे भन्छन्, 'एउटा किड्नी दिँदैमा मानिस मर्दैन, स्वास्थ्यमा कुनै असर गर्दैन र छ लाख रूपैयाँसम्म पाउँछौं भन्ने रहेछन्।' त्यसका लागि भण्डारीले नेपाल र भारतमा टिम नै परिचालन गरेको खुलेको छ। पंगेनीले भने, 'नेपालमा मिर्गौला दिन मानिस खोजेबापत ५० हजार रूपैयाँ दिने रहेछ। त्यसपछि खोजिएका मानिसलाई दिल्लीको लाजपत नगरस्थित कस्तुरवा निकेतनस्थित एउटा होटेलमा राख्ने गरेको पाइयो।' त्यहाँ पुर्‍याएपछि भने विभिन्न अस्पताल, क्लिनिकमा कार्यरत एजेण्ट, अस्पतालका कर्मचारी र डाक्टरहरूसँगको समन्वयमा मिर्गौला लिने र दिनेको नमूना परीक्षण गर्ने गरेको देखिएको ब्युरोले जानकारी दियो।

सबै कुरा मिलेपछि तस्कर र अस्पतालका कर्मचारीले मिर्गौला झिक्नेको व्यक्तिको आँखामा पट्टी लगाई गाडीमा राखेर घुमाउँदै अज्ञास्थलमा लैजाने देखिएको छ। त्यसरी लगेपछि बेहोस् हुने सुई लगाएर अस्पताल पुर्‍याउने र मिर्गौला झिक्ने गरेको पाइएको अनुसन्धानमा संलग्न ब्युरोका अधिकारीहरूले जनाएका छन्। त्यसपछि भने नेपाल फर्काइदिने गरेको पाइएको छ।

भण्डारीको समूहको निशानामा काभ्रे, सिन्धुली, धादिङ, सिन्धुपाल्चोक, नुवाकोटलगायत जिल्लाका सोझासीधा मानिसहरू पर्दथे। हाल मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको सम्पर्कमा पाँच जना पीडित पुगेका छन्। बाँकी पीडितहरूको खोजी गरिरहेको ब्युरोले जानकारी दिएको छ।

कानुनतः मिर्गौला लिने व्यक्ति पनि दोषी हुन्छन् तर लिनेहरू भारतीय नागरिक रहेका ब्युरोको दाबी छ। सोही कारण मिर्गौला लिनेहरू पक्राउ परेका छैनन्। पक्राउ परेका मिर्गौला तस्करहरूविरुद्ध मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अन्तर्गत मुद्दा चलाइने भएको छ, जहाँ प्रचलित कानुनबमोजिमबाहेक मानिसको कुनै अंग झिक्नेलाई १० वर्ष कैद र दुई लाखदेखि पाँच लाख रूपैयाँसम्म जरिवानाको व्यवस्था छ। यससँगै संगठित अपराध निवारण ऐन २०७० अन्तर्गतको कसुरमा पनि अनुसन्धान अघि बढाइएको छ। ब्युरो स्थापना स्थापना भएपछि हालसम्म १४ वटा मिर्गौला तस्करीका मुद्दा दर्ता गरिएको छ।

■■■

# अवकाशमा...

प्रतिनिधिसभाले विधेयक ऐनमा रूपान्तरित भएर लागू भएको वर्ष ५८ वर्ष नै कायम रहने, अर्को वर्ष ५९ र त्यसपछिको वर्षमा ६० वर्ष लागू हुनेगरी विधेयक पास गरेर राष्ट्रिय सभामा पठाएको छ।

यसमा संशोधन गरेर सरकारले विधेयक ऐनमा रूपान्तरित चएर लागू भएको वर्ष नै ५९ वर्ष लागू गर्ने र अर्को वर्ष ६० वर्षको उमेर हद लागू गर्नेगरी प्रावधान राख्ने प्रस्ताव सरकारले गरेपछि कुरा नमिलेको हो। प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थले पनि अवकाश लागू यही वर्षबाट गर्न माग राखे। 'विधेयक २०८० फागुनमा विधेयक संसद्मा पेस भएको थियो। त्यतिबेला पदपूर्ति भइसकेको थियो। त्यतिबेला अर्को आर्थिक वर्षदेखि लागू हुने भनेको हो। ५८ वर्षबाट लागू गर्ने हो भने रिक्त पदमा लोक सेवाले विज्ञापन गर्न नसकिने भयो। यही आर्थिक वर्षबाट ५९ मा अवकाश हुने व्यवस्था गर्नुपर्छ,' सचिव पन्थले भने।

सचिव र सहसचिवको मतपछि सामान्य प्रशासनमन्त्री न्यौपानेले यसलाई सच्याउन पर्ने अडान अघि सारिन्। 'यसमा सच्याउन पर्ने हो कि। यो विधेयक गत आर्थिक वर्षमा टुंगिन्छ भनेर त्यस्तो व्यवस्था गरेको थियो,' मन्त्री न्यौपानेले भनिन्, '५८, ५९ र ६० वर्ष क्रमशः लागू हुने व्यवस्थालाई ५९ र ६० वर्ष लागू हुनेगरी जाउँ।'

मन्त्री न्यौपानेको यो प्रस्ताव प्रतिपक्षी दलहरूले भने ठाडै अस्वीकार गरे। नेकपा एकीकृत समाजवादी पार्टीका बेदुराम भुसालले भने पहिल्यै सर्वसम्मत गरेको निर्णय फेरि सच्चिए 'कुलिङ पिरियड' जस्तै गोलमाल हुने मत राखे। 'हामीले सर्वसम्मत निर्णय अस्ति नै गरेर बाहिर गइसक्यो। फेरि बदल्यो भने कुलिङ पिरियडजस्तो हुन्छ। जुन वर्ष विधेयक प्रमाणीकरण हुन्छ त्यो वर्ष ५८ भनेको हो। पदपूर्तिसम्बन्धी केही समस्या आउलान्। अस्तिकै निर्णय गरेर जाउँ,' उनले भने।

नेकपा माओवादी केन्द्रका तारामान स्वारले भुसाललाई समर्थन गर्दै प्रतिनिधिसभाबाट सर्वसम्मत आएको निर्णय फेर्न नहुने अडान राखे। 'टेक्निकल समस्या हुन्छ भनेर विधेयक ल्याउँदा र प्रतिनिधिसभामा पारित हुँदा किन विचार गरिएन। तपाईंलाई टेक्निकल समस्या होला हामीलाई विधायिकी समस्या भयो। सर्वसम्मत निर्णय कसरी फेर्ने ?,' स्वारले भने, 'निर्णय विधायिकाले गर्ने हो। कि मन्त्रालयको हस्तक्षेप हो भन्नुपर्‍यो। निर्णय पुनर्विचार गर्नुपर्छ भन्नेमा मेरो सहमति छैन।'

नेपाली कांग्रेसका सांसद कृष्णबहादुर रोकायले मन्त्रीको अनुरोधलाई मानेर अघि बढ्दा राम्रो हुने सुझाव दिए। 'अस्ति निर्णय गर्दा सचिवले अहिले नगरु भन्नुभएन। मन्त्रीले मिलाएर जाउँ भन्नुभएको छ, कमजोरी कहाँ के भयो ? यसलाई मन्त्रीको अनुरोधलाई मानौं,' रोकायले भने। समितिकी सभापति तुलसाकुमारी दाहालले सुझाव समेटेर परिमार्जन गर्न सकिने बताएकी थिइन्। 'मन्त्रीको मन पनि दुखाउने काम नगरौं। निर्णय परिमार्जन गरेर जाऔं,' उनले भनिन्। विवाद नसल्टिएपछि सभापति दाहालले बैठक आज ११ बजे बस्नेगरी स्थगित गरिन्।

■■■

# आप्रवासी...

बेलायतको रोजगारीमा जाने योजना बनाइरहेका हजारौं दक्ष तथा अर्धदक्ष कामदारहरूले अब अन्य विकल्प हेर्नुपर्ने भएको छ।सरकारले रोजगारी खारेज गरेको क्षेत्रको पूर्ण सूची छिट्टै प्रकाशित गर्ने जनाएको छ। रोजगारीका लागि आवेदन दिन तयार रहेका सम्भावित आप्रवासीहरूका लागि त्यसअघि आधिकारिक निकायमा परामर्श लिएरमात्र थप प्रक्रिया थाल्न आग्रह गरिएको छ। बेलायती सरकारमाथि आर्थिक अवस्थालाई सन्तुलित बनाउन आर्थिक दबाब पर्दै आएको छ। यो परिवर्तनले सरकारको उक्त आर्थिक आवश्यकतालाई सम्बोधन गर्ने बताइएको छ।

बेलायत नेपालीहरूकोसमेत आकर्षक रोजगार गन्तव्य हो। गत आर्थिक वर्ष २०८१/८२ मा एक हजार २८९ जना नेपाली युवा रोजगारीका लागि बेलायत गएका थिए। सरकारको यो नीतिले नेपालीहरूको रोजगारीमासमेत केही प्रभाव पार्ने बुझिएको छ।

# 'पठनसंस्कृति विकास गर्न पुस्तकालय उपयोगी'

**काठमाडौं (प्रस)**– सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पठनसंस्कृति विकास गर्न पुस्तकालय उपयोगी भएका बताउँदै स्थानीय, प्रदेश र संघ सरकार र समुदाय मिलेर पुस्तकालयलाई बलियो कानुनी आधार, बजेट र प्रविधिसहित सक्षम बनाउनुपर्नेमा जोड दिएका छन्।

१८औं पुस्तकालय दिवसका अवसरमा पुस्तकालय दिवस मूल समारोह समितिले आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले देशका पुस्तकालय शिक्षा, अनुसन्धान, पठनसंस्कृति र सामाजिक रूपान्तरणका केन्द्र भएका बताए। सरकारका प्रवक्तासमेत रहेका गुरुङले भने, 'सहर र ग्रामीण क्षेत्रबीचको असमानता र सीमित पहुँचले ज्ञानको लोकतान्त्रिक वितरणमा ठूलो अन्तर सिर्जना गरेको छ, त्यसैले पुस्तकालयलाई केवल किताब भण्डारण गर्ने ठाउँ होइन, समाजको समग्र विकासका केन्द्रका रूपमा पुनःपरिभाषित गर्नुपर्छ।'

'आजको डिजिटल युगमा पनि पुस्तकालयको महत्त्व कम भएको छैन, यसले डिजिटल पहुँच, ई-पुस्तक, अनुसन्धान सामग्री र सुरक्षित अध्ययन वातावरण प्रदान गर्दै नागरिकलाई सशक्त बनाइरहेको छ, युवाका लागि पुस्तकालय अनुसन्धान, नवप्रवर्तन र सीप विकासको प्रमुख स्थल बनेका छन्, विशेषगरी ग्रामीण क्षेत्रका पुस्तकालयले कम्प्युटर, इन्टरनेट, डिजिटल सामग्री र मोबाइल पुस्तकालयजस्ता सुविधाबाट सूचनामा पहुँचको खाडल घटाइरहेका छन्', उनले भने।

पुस्तकालय अभियन्ता इन्दिरा दलीले पुस्तकालय ऐन बनाएर स्थानीय तहदेखि नै सार्वजनिक पुस्तकालय स्थापना गर्नुपर्नेमा जोड दिइन्। पठन संस्कृतिको विकास गर्न प्रत्येक पुस्तकालयमा बालबालिका कक्षको व्यवस्था गर्नुपर्ने उनले बताइन्। कार्यक्रममा ज्ञानोदय पुस्तकालय तथा सूचना केन्द्र, पुस्तकालयकर्मी जगदिशचन्द्र अर्याल र पुस्तकालय अभियानकर्मी गृहमान श्रेष्ठलाई सम्मान गरिएको थियो।

## कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको कम्पनी खारेजी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६६९१२९०९ मा दर्ता भएको प्रा.लि. नं.७१५१९ को **स्वीट ड्रिम ट्राभल्स एण्ड टुर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२-०५-१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको
## विशेष साधारण सभा बस्ने सूचना

यस हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको मिति २०८२/०४/२९ (तदनुसार १४ अगस्ट २०२५) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**
मिति : २०८२ भाद्र २२ गते आइतबार (तदनुसार ७ सेप्टेम्बर २०२५)
समय : दिउँसो १२:३० बजे।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौं।

**विशेष प्रस्तावहरु :**
१. यस कम्पनीको नियमावलीको दफा ८ को उपदफा ८.६ तथा दफा ११ संशोधन गर्ने।
२. विविध।

**नोट :** विशेष साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८२ भाद्र १५ गते एक दिनका लागि बन्द गरिनेछ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## युएईमा रोजगार
कम्पनी : EMIRATES LINK MALTAURO COMPANY - LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/१५ LT. No. 330353 चलानी नं. ६०२४४१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1500 | ५७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 30 | 0 | 1200 | ४६,०८८ | | | | | | | |
| 3 | Mason/Tile Worker | 40 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 4 | Plumber | 25 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 5 | Quralified Scafolders | 25 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 6 | Steal Fixer | 40 | 0 | 1500 | ५७,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
विर्तामोड नगरपालिका, विर्तामोड, झापामा मितिः २०८२ भदौ २३ गते (8th Sep. 2025) गते हुनेछ।
इटहरी उपमहानगरपालिका, इटहरी, सुनसरीमा मितिः २०८२ भदौ २४ गते (9th Sep. 2025) गते हुनेछ।
जनकपुर उपमहानगरपालिका जनकपुर, धनुषामा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) गते हुनेछ।
भरपुर महानगरपालिका, भरतपुर, चितवनमा मितिः २०८२ भदौ २६ गते (11th Sep. 2025) गते हुनेछ।
बुटवल उपमहानगरपालि, बुटवल, रूपन्देहीमा मितिः २०८२ भदौ २७ गते (12th Sep. 2025) गते हुनेछ।
घोराही उपमहानगरपालि दाङमा मितिः २०८२ भदौ २८ गते (13th Sep. 2025) गते हुनेछ।
नेपालगञ्ज उपमहानगरपालि, नेपालगञ्ज, बाँकेमा मितिः २०८२ भदौ २९ गते (14th Sep. 2025) गते हुनेछ।
पोखरा लेखनाथ नगरपाकिला, पोखरा, कास्कीमा मितिः २०८२ भदौ ३० गते (15th Sep. 2025) गते हुनेछ।
काठमाडौं महानगरपालिका, काठमाडौंमा मितिः २०८२ भदौ ३१ गते (16th Sep. 2025) गते हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448 9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## बहराइनमा रोजगार
कम्पनी : AL FATEH CLEANING AND MAINTENANCE COMPANY W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ LT. No. 330299 चलानी नं. ६०२४४११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 50 | 100 | ३७,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कतारमा रोजगार
कम्पनी : HAYA AL REEM TRADING CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१५ LT. No. 318614 चलानी नं. ६०२३२९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN. CLEN. WORKER | 1 | 1 | 1300 | ५०,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

## कुवेतमा रोजगार
कम्पनी : HATTAN RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ LT. No. 330323 चलानी नं. ६०२४४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barishta/Waiter | 9 | 0 | 130 | ६०,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EDIT BEAUTY SALON FOR LADIES CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ LT. No. 330322 चलानी नं. ६०२४४१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians (Ladies) | 0 | 2 | 150 | ६९,४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 2 | 100 | ४६,३०१ | | | | | | | |
| 3 | Hair Dresser/Hair Stylist | 0 | 2 | 150 | ६९,४५१ | | | | | | | |
| 4 | MANICURE/PEDICURE | 0 | 2 | 150 | ६९,४५१ | | | | | | | |
| 5 | Nail Technicians | 0 | 2 | 150 | ६९,४५१ | | | | | | | |

कम्पनी : ONE SHARQ ADVANCED GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ LT. No. 330321 चलानी नं. ६०२४४१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 4 | 0 | 130 | ६०,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 2 | 3 | 110 | ५०,९३१ | | | | | | | |
| 3 | Life Guards | 3 | 0 | 150 | ६९,४५१ | | | | | | | |
| 4 | Maintenance Technician | 4 | 0 | 200 | ९२,६०२ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 150 | ६९,४५१ | | | | | | | |
| 6 | Room Attandants | 3 | 3 | 130 | ६०,१९१ | | | | | | | |
| 7 | waiter/waitress | 2 | 2 | 140 | ६४,८२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

OMEGA INTERNATIONAL
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

सोमबार, १६ भदौ, २०८२

| | |
|---|---|
| मेष | काम बन्नाले जोस जाँगर बढ्नेछ। |
| वृष | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। |
| मिथुन | रोकिएका कम बन्ने नयाँ योजना। |
| कर्कट | हडबडीले कमहरु बिग्रन सक्नेछन्। |
| सिंह | नोकरीमा पद प्राप्ति हुनेछ। |
| कन्या | खानपान र पहिरनमा खर्च हुनेछ। |
| तुला | साताको प्रारम्भ उत्साहजनक हुनेछ। |
| वृश्चिक | महगा सामानतर्फ ध्यान जानेछ। |
| धनु | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ। |
| मकर | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ। |
| कुम्भ | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ। |
| मीन | खर्च बढ्नाले अभाव देखिन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## H अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ भदौ, २०८२ (०१ सेप्टेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.८२ | १४१.४२ |
| युरो | १ को | १६४.२४ | १६४.९४ |
| पाउन्ड स्टिर्लङ | १ को | १८९.४९ | १९०.२९ |
| स्विस फ्रैन्क | १ को | १७५.५१ | १७६.२६ |
| अस्ट्रेलियन डलर | १ को | ९१.९३ | ९२.३२ |
| क्यानाडियन डलर | १ को | १०२.४२ | १०२.८५ |
| सिङ्गापुर डलर | १ को | १०९.५६ | ११०.०२ |
| जापानी येन | १० को | ९.५७ | ९.६१ |
| चिनियाँ युआन | १ को | १९.७४ | १९.८३ |
| साउदी अरब रियाल | १ को | ३७.५३ | ३७.६९ |
| कतारी रियाल | १ को | ३८.६३ | ३८.७९ |
| थाई भाट | ख १ को | ४.३४ | ४.३६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.३४ | ३८.५० |
| मलेसियन रिङ्गेट | १ को | ३३.३३ | ३३.४७ |
| दक्षिण कोरियन वन | १०० को | १०.१२ | १०.१६ |
| स्विडिस क्रोनर | १ को | १४.८७ | १४.९३ |
| डेनिस क्रोनर | १ को | २२.०० | २२.१० |
| हङकङ डलर | १ को | १८.०६ | १८.१४ |
| कुवेती दिनार | १ को | ४६०.७४ | ४६२.७० |
| बहराइन दिनार | १ को | ३७३.५३ | ३७५.१२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# सशस्त्र प्रहरीका १६ अधिकृत जिम्मेवारीमुक्त

**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी बल नेपालका एकाइमा कमाण्डरको रूपमा खटाइएका सशस्त्र प्रहरी अधिकृतको राजस्व संकलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि एकैपटक १६ अधिकृतलाई जिम्मेवारीबाट हटाइएको छ ।

एक सशस्त्र प्रहरी उपरीक्षक, एक सशस्त्र प्रहरी नायव उपरीक्षक, सात सशस्त्र प्रहरी निरीक्षक, पाँच सशस्त्र प्रहरी नायव निरीक्षक, एक सहायक निरीक्षकसहितलाई कमाण्डको जिम्मेवारीबाट हटाइएको सशस्त्र प्रहरी बलका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए । उनका अनुसार सशस्त्र प्रहरी बल, नेपाल नं ११ गण रौतहटका गणपति सशस्त्र प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतलाई कमाण्डरबाट फिर्ता गरेर सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीलाई पठाइएको छ ।

यसैगरी बारा जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट कबहीगोठका सशस्त्र प्रहरी निरीक्षक जीवनलाल बुढा, बिओपी झिटकैया बाराका सशस्त्र प्रहरी नायव निरीक्षक केदारबहादुर परियार, फरवार्ड सुरक्षा वेश बलिरामपुरका सशस्त्र प्रहरी नायव निरीक्षक हरीप्रसाद लम्साल, फरवार्ड सुरक्षा वेश छतवा बाराका सशस्त्र प्रहरी नायव निरीक्षक गणेश गिरी र झरखोर पोस्ट बाराका सशस्त्र प्रहरी सहायक निरीक्षक शिव शंकरप्रसाद चौधरीलाई जिम्मेवारीबाट हटाइएको हो ।

यस्तै पर्सा जिल्लास्थित बोर्डर आउट पोस्ट प्रसौनी भाट्ठाका सशस्त्र प्रहरी निरीक्षक सञ्जीव बानिया क्षेत्री, बिओपी दक्षिण झिटकैयाका सशस्त्र प्रहरी निरीक्षक नरेशसुवाल बाटा, सुरक्षा वेश बहुअर्वाभाठाका सशस्त्र प्रहरी नायव निरीक्षक भिमबहादुर क्षेत्री र फरवार्ड सुरक्षा बेश जयमंगलापुरका सशस्त्र प्रहरी नायव निरीक्षक झक्कुप्रसाद ओलीलाई पनि जिम्मेवारीबाट हटाइएको प्रहरी नायव उपरीक्षक थापाले जानकारी दिए ।

यसैगरी पश्चिम नवलपरासी जिल्लास्थित बोर्डर आउट पोस्ट भुजहवाका सशस्त्र प्रहरी निरीक्षक रूपक नापित र कैलाली जिल्लास्थित प्रस्तावित सीमा सुरक्षा गुल्म खोनपुका सशस्त्र प्रहरी नायव उपरीक्षक नविन चन्द, बोर्डर आउट पोस्ट कुसुमघाटका सशस्त्र प्रहरी निरीक्षक रामशरण विष्ट, बिओपी फूलबारीका सशस्त्र प्रहरी निरीक्षक खगेन्द्रबहादुर चन्द, बिओपी लल्लिपुरका सशस्त्र प्रहरी नायव निरीक्षक मोहनराम महर र कञ्चनपुर जिल्लास्थित बोर्डर आउट पोस्ट डोकेबजारका सशस्त्र प्रहरी निरीक्षक सूर्यप्रकाश पन्तसमेतलाई जिम्मेवारीबाट हटाइएको उनले जानकारी दिए ।

सीमा इलाकामा कार्यरत कमाण्डरमाथि मुख्यालयबाट समेत सूक्ष्मरूपमा निगरानी बढाइएको छ । सन्तोषजनक काम नगर्ने गणपतिसहितका दर्जनौं अधिकृत यसअघि पनि समय नपुग्दै जिम्मेवारीबाट हटाइएका र कारबाहीमा परेका छन् । मुख्यालयले अन्य प्रदेशमा समेत सूक्ष्मरूपमा निगरानी बढाएको छ । गण, गुल्म तथा बिओपी कमाण्डमा रहेका केही अधिकृतमाथि पनि निगरानी बढाइएको सशस्त्र प्रहरीले जानकारी दिएको छ ।

# पत्रकार महासंघ ललितपुरको ‘मार्गदर्शक’ सार्वजनिक



■ प्रभाव संवाददाता

**ललितपुर–** नेपाल पत्रकार महासंघ ललितपुर शाखाले ‘मार्गदर्शक’ नामक पुस्तक प्रकाशनमा ल्याएको छ । शनिबार एक कार्यक्रमकाबीच पुस्तक सार्वजनिक गरिएको छ ।

महालक्ष्मीस्थानमा आयोजित कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य, पूर्वअर्थराज्यमन्त्री तथा प्रतिनिधिसभा सदस्य उदयशमशेर राणा, नेपाल पत्रकार महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्मा, बागमती प्रदेशसभा सदस्य उर्मिला लामा, ललितपुरको गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन, ललितपुरका प्रमुख जिल्ला अधिकारी सुमन अधिकारीलगायतले संयुक्त रूपमा पुस्तक सार्वजनिक गरेका थिए ।

पुस्तकमा ललितपुर शाखाका हालसम्मका १० जना अध्यक्षहरूको बायोग्राफी, पार्षद् तथा पूर्वकार्यसमितिका पदाधिकारी र सदस्यहरूको विवरण र महासंघको हालसम्मको गतिविधि समेटिएको शाखाका अध्यक्ष रामहरि कार्कीले बताए । ‘यो पुस्तकमार्फत अग्रजहरूको अभिलेखीकरण गरिएको छ,’ उनले भने, ‘यो हाम्रो मार्गदर्शन गर्नेहरूप्रति सम्मान हो ।’

कार्यक्रममा नेपाल पत्रकार महासंघ ललितपुर शाखामा आबद्ध सदस्यहरूका यसै वर्ष एसइई र कक्षा १२ उत्तीर्ण छोराछोरीलाई सम्मान गरिएको थियो । त्यसैगरी पत्रकार महासंघ ललितपुर शाखाको संस्थागत विकासमा योगदान पुऱ्याउने विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकार तथा पत्रकार महासंघ ललितपुरको स्थापनादेखि हालसम्म नेतृत्वमा रहेका अध्यक्षहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै पूर्वमन्त्री राणाले गलत सूचना प्रवाहलाई निरुत्साहित गर्न पत्रकारहरूको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गरे । उनले भने, ‘आजको डिजिटल युगले समाचार सम्प्रेषणलाई सहज र छरितो बनाएको छ । तर यससँगै गलत सूचना, भ्रम र भ्रामक प्रचार पनि समाजमा फैलिन थालेको छ । त्यसकारण सत्य र निष्पक्ष पत्रकारिता अझ बढी आवश्यक भएको छ ।’

नेता राणाले पत्रकार महासंघ ललितपुर शाखाले प्रकाशन गरेको ‘मार्गदर्शक’ पुस्तकले पत्रकारिता पेसाको मूल्य, जिम्मेवारी र इतिहासलाई नयाँ पुस्तामा पुऱ्याउने महत्त्वपूर्ण कार्य गरेकोमा प्रशंसा गरे ।

बागमती प्रदेशसभा सदस्य लामाले महासंघले प्रकाशन गरेको ‘मार्गदर्शक’ पुस्तकले इतिहासको संरक्षण गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताइन् । उनले भनिन्, ‘यो पुस्तक केवल कागजमा लेखिएका अक्षरमात्र होइन, यसले विगतका संघर्ष, योगदान र अनुभवलाई नयाँ पुस्तासम्म पुऱ्याउने जीवित दस्तावेजको भूमिका खेल्ने छ ।’

# पुनः सत्याग्रहमा प्रा.डा. केसी



**सुदूरपश्चिम (प्रस)–** प्राध्यापक डा. गोविन्द केसीले आइतबार कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय परिसरमा सत्याग्रह सुरु गरेका छन् ।

चिकित्सा शिक्षा सुधारको माग गर्दै आएका उनले आइतबार पत्रकार सम्मेलन गर्दै तीनदिने २३औं सत्याग्रह सुरु गरेको घोषणा गरे । डा. केसीले सरकारले गलत ढंगले निजी मेडिकल कलेजलाई विद्यार्थी संख्या वृद्धि गर्न गरेको निर्णय तुरन्त फिर्ता लिन र शुल्क वृद्धि नगर्न माग गर्दै सत्याग्रह सुरु गरेको बताए ।

यसैगरी, विगतमा भएको सम्झौताअनुसार इलाम, उदयपुर र डडेलधुरामा सरकारी मेडिकल कलेज स्थापना तथा गेटा मेडिकल विश्वविद्यालयमा तत्काल पूर्णक्षमतामा अस्पताल सेवा र शैक्षिक कार्यक्रम सुरु गर्न उनको माग गरेका छन् ।

यस्तै, एकीकृत स्वास्थ्य शिक्षा र विश्वविद्यालय तथा प्रतिष्ठानका पदाधिकारी नियुक्ति मापदण्डसम्बन्धी ऐन पारित गर्न, ऐनअनुसार मेडिकल शिक्षालाई गैरनाफामूलक बनाउन र सरकारी अस्पताललगायत सबै स्वास्थ्य संस्थामा दरबन्दी वृद्धि गरी सेवा प्रवाह गर्नेलगायत यसअघिका सम्झौता कार्यान्वयन गर्न डा. केसीले आग्रह गरे । चिकित्सा शिक्षाको सुधारको माग गर्दै विगतमा पनि उनी पटक-पटक अनसन बसेका थिए ।

## धितो जग्गा लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**सूचना प्रकाशित मितिः २०८२/०५/१६ गते**

यस गौरी शंकर कृषि सहकारी संस्था लि.बाट तपाईंले कर्जा लिई पटक पटक लिखित एवं मौखिक रुपमा ताकेता गर्नुका साथै विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा ३५ र १५ दिने कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न नआएकोले कर्जाको सुरक्षण वापत संस्थाको नाममा लेखिदिएको निम्न अचल सम्पत्ति डाक बढाबढबाट लिलाम बिक्री गरी संस्थाको तपशिलमा उल्लेखित ऋण रकम साँवा, व्याज र हर्जनामा नघट्ने गरी लिलाम वढाबढ गरिने हुँदा सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । ऋणीले संस्थाबाट कर्जा लिँदा कर्जा सुरक्षण वापत संस्थामा धितो रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिन इच्छुक महानुभावहरुबाट यो सूचना **प्रभाव राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र संस्थाको कार्यालय फिदिम -१, लखनमार्गमा कार्यालय समयभित्र आईपुग्ने गरी डाक बढाबढ फारम भरी सिलबन्दी गरी पेश गर्नुहुन सूचित गरिन्छ । उक्त डाक बढाबढ फारममध्येबाट यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा सो दिन बिदा परे सोको भोलिपल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालय फिदिम-१ लखनमार्गमा दिनको ११:०० बजे लिलाम बढाबढ गरिने हुँदा बोलपत्रदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिन्छ । डाक लिलाम फारम संस्थाको कार्यालयबाट रु १००।- बुझाई खरिद गर्न सकिने छ । डाक लिलाम सम्बन्धी अन्य शर्त तथा नियमहरु संस्थाबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । परेका बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

| ऋणीको विवरण | धितो विवरण | संस्थाले असुल गर्नुपर्ने रकम |
|---|---|---|
| **ऋणीः टिकेन्द्र ओझा**<br>बाबुः डाक प्रसाद ओझा<br>बाजेः लक्ष्मी प्रसाद ओझा | पाँचथर जिल्ला फिदिम न.पा.<br>वडा नं २, कित्ता नं २/क ५५९,<br>क्षेत्रफल १-०-२-१ | २०८२ भाद्र मसान्तसम्म<br>रु. ५१,४५,०००।-<br>(एकाउन्न लाख पैंतालिस हजार रुपैंया मात्र) |

**शर्तहरुः**

१. डाक लिलाम बढाबढ गर्ने दिन ऋणी वा ऋणीका प्रतिनिधि उपस्थित हुन यसै सूचनाबाट जानकारी गराईन्छ ।
२. धितो लिलाम बिक्रीबाट संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी, धन जमानी र ऋणीका एक घरका परिवारको अन्य जायजेथा समेतबाट असुल उपर गरिनेछ ।
३. धितोको विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको छ ।
४. धितो लिलाम बिक्री सम्बन्धी बोलपत्रका अन्य शर्त वा धितो लिलाम बिक्री गरिने सम्पत्तिको अन्य आवश्यक कागजपत्रहरु हेर्न चाहनुहुने महानुभावहरुले कार्यालय समयभित्र संस्थामा आई हेर्न सक्नु हुनेछ ।
५. लिलाम डाक बढाबढ हुँदा सबैभन्दा बढी डाक बोल्नेको स्वीकार गरिने एवं सो अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिनमा जम्मा गर्नुपर्ने र बाँकी रकम संस्थाले तोकेको समयभित्र जम्मा गरी सक्नुपर्नेछ ।
६. उल्लेखित शर्तहरुमा नपरेको बिषयहरुका सन्दर्भमा नेपालको प्रचलित कानूनअनुसार हुनेछ ।

**गौरी शंकर कृषि सहकारी संस्था लि.**
फिदिम-१, लखनमार्ग, पाँचथर, सम्पर्क नं -०२४-५२३०२८, ९८४२६८१७५९, ९८४०९९९९९८

# इन्द्रजात्राको लिंगो नगर प्रवेश

**काठमाडौं (प्रस)–** इन्द्रजात्राको लिंगो नगर प्रवेश गराइएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिले दिएको साइतअनुसार आइतबार बिहान ९:५२ बजे इन्द्रजात्राको लिंगो नगर प्रवेश गराइएको गुठी संस्थानले जानकारी दिएको छ ।

भोटेबहालबाट इन्द्रजात्राको लिंगो घिसारेर वसन्तपुर दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिअघि लगी राख्नुलाई नगर प्रवेश गराउनु भनिन्छ । इन्द्रजात्राको लिंगो नगर प्रवेशका लागि घिसार्नेलगायत काममा परम्परादेखि मानन्धर समुदाय सक्रिय हुने गरेकाले सोहीअनुसार नगर प्रवेश गराइएको संस्थान काठमाडौं शाखा कार्यालयका प्रमुख लक्ष्णा शर्माले जानकारी दिए ।

भाद्र शुक्ल द्वितीयाको राति भक्तपुरस्थित चित्तपोल सामुदायिक वनमा काटिएको सल्लाको रुख त्यसको भोलिपल्ट घिसार्दै भोटाहिटीमा ल्याई राखिएको थियो । इन्द्रजात्राको लिंगोका लागि ल्याइएको त्यही सल्लाको रुखलाई आइतबार भोटाहिटीबाट नगर प्रवेश गराइएको संस्थान केन्द्रीय कार्यालयका सहायक इञ्जिनियर भीमप्रसाद अधिकारीले जानकारी दिए ।

सोही लिंगो भदौ १९ गते भाद्र शुक्ल द्वादशीको बिहान १०:३१ बजे इन्द्रध्वजोत्थान अर्थात् लिंगो उठाउने गरिन्छ । बाँस, डोरीलगायत सामग्रीको सहायताले इन्द्रध्वजोत्थान गरिन्छ । इन्द्रध्वज र पताकासहित तान्त्रिक विधिले इन्द्रध्वजोत्थान गरिन्छ ।

इन्द्रध्वजोत्थान गरेपछि भाद्र शुक्ल चतुर्दशीअर्थात् अनन्त चतुर्दशीका दिन राष्ट्रपति रामचन्द्र पौडेलसहित विशिष्ट व्यक्तित्वको उपस्थितिमा कुमारी, गणेश र भैरवको यात्रा गराइन्छ । यो दिन इन्द्रजात्राको मुख्य दिन हो ।


## मलेसिया/साउदीमा रोजगार

कम्पनी : SAIFORCE SECURITY SERVICES SDN BHD — सेवा शुल्क : निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१५ | LT. No. 324710 | चलानी नं. ६०२३८६५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 29 | 0 | 1700 | ५६,७५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NASSER NAYEF AL- OTAIBI CONTRACTING COMPANY — सेवा शुल्क रू. १०,०००/-

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330311 | चलानी नं. ६०२४४१०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 4 | 0 | 1200 | ४५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75

**S.N. Recruiting Service Pvt Ltd**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



## युएइमा रोजगार

कम्पनी : ASLOOB AL BEDAA BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१५ | LT. No. 315315 | चलानी नं. ६०२२९५७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 2 | 0 | 1200 | ४६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker/labour | 1 | 0 | 900 | ३४,५६५ | | | | | | | |
| 3 | Carpenter Furniture/gypsum | 2 | 0 | 1200 | ४६,०९० | | | | | | | |
| 4 | Steel Fitter | 2 | 0 | 1200 | ४६,०९० | | | | | | | |
| 5 | Welder Bulding | 2 | 0 | 1200 | ४६,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५


## टिम पार्टनर्स फण्ड लिमिटेडको

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१६**

यस टिम पार्टनर्स फण्ड लिमिटेडको मिति २०८२ भदौ महिना ०८ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको दोश्रो वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय तथा स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२/०६/०७ (तदनुसार २३ सेप्टेम्बर, २०२५), मंगलबार ।
**समय :** बिहान ११:०० बजे
**स्थान :** टिम पार्टनर्स फण्ड लिमिटेडको रजिष्टर्ड कार्यालय, टिम कर्पोरेट सेन्टर, शक्तिविनायक मार्ग, गैरीगाउँ, काठमाडौं ।

**छलफलका विषयहरु :**
(क) सामान्य प्रस्ताव :
१) आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(ख) विशेष प्रस्तावः
१) कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धि गर्ने, सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।
(ग) विविध ।

**संचालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीहरु :**

शेयरधनी महानुभावलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको इमेल ठेगानामा कम्पनीको दोस्रो वार्षिक साधारण सभा बस्ने जानकारी पत्रका साथै वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरिगाँउ काठमाण्डौंवाट प्राप्त गर्न सक्नु हुनेछ । अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरीगाँउ, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

# CHINGAD RURAL MUNICIPALITY
## OFFICE OF THE RURAL MUNICIPALEXECUTIVE
**Awalching, Surkhet**
**Karnali province, Nepal**

## Invitation for Sealed Quotation

**First Date of publication: 1 st SEP 2025**

1. **Chingad Rural Municipality, Office of Municipal Executive, Awalching, Surkhet** invites electronic bid for eligible bidders as per details given below under NCB bidding Procedures.

| S.N. | Contract Identificat ion Number | Description of works | Estimated amount (with VAT) | BID Validity Period | BID Securit Amount. | Non- Refundable Fee for BID Document purchase (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 1. CRM/GOODS/ 01/2082/083 | Procurement & Delivery of Stationery And Miscellaneous Items | 19,99,772.86 | 45 days | 50,000 | 1000 | |

2. **Further Information to bidders: -**

**Account No. for BID Document Purchase:**
Name of bank : Sanima Bank, Chingad branch
Name of account : Aantarik rajaswa khata
Account number : 069010040000005

- **Last date and time of Submission of BID:** 2082/05/31(16th Sep. 2025): at 12:00 Noon.
- **Date, Time and Place off Opening:** 2082/05/31(16th Sep. 2025): at 13:00, At Chingad Rural Surkhet. Municpality office, Awalching,
- **Bid Security Validity Period:** 30 Day beyond Validity Period
- **Account No. for BID Security Deposit:**

Name of bank : Sanima Bank, Chingad branch
Name of account : DHARAUTI KHATA
Account number : 069010020000045

3. Bidders Shall submit their BID Electronically only, no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal http:/bolpatra.gov.np/egp and for other additional information please contact Chingad Rural office, Awalching, Surkhet, Contact No:- 9858-64358.
4. If the last Date of Submission and Opening falls on a Government Holiday then next working day shall be considered as the last day.
5. Other mandatory information as per PPA and PPR.
6. Work should be completed within running fiscal year.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मिर्गौला जोगाउनै मुस्किल

कुनै समय काभ्रेको होक्सेको झल्को दिनेगरी भारत पुगेर मिर्गौला बेच्ने गिरोह फेरि सक्रिय भएको पाइएको छ । एक दशकअघि काभ्रेको गाउँमा टन्न पैसा बोकेर दलालहरू पुग्थे । उनीहरूको फन्दामा परेका होक्सेबासी भारत लगिन्थ्यो । मिर्गौला बेचेर फर्केपछि उनलाई पैसा दिएर अरु युवाहरूलाई पासोमा पारेको कथा सुनिन्थ्यो । कसरी भने छोटो समय भारतमा बसेर आएका उनले गाउँलेलाई भट्टी पसलदेखि होटलसम्म मिठामिठा खुवाउँथे । प्रलोभनमा परेकाहरू यति छोटो समयमै कसरी पैसा कमाउन सकिन्छ भनी सोध्थे । प्रयोग भएका व्यक्तिले सजिलै भन्दिन्थे- मिर्गौला बेचेर ।

त्यतिबेला मोबाइल फोनले नेपाली बजारमा प्रवेश पाएको थियो । कति मोबाइल बोक्न पाउने आशमा भारत पुगेर मिर्गौला बेचेर फर्कन्थे त कति नयाँ घर बनाउने सपना बोकेर । केहीले मोबाइल फोन पनि किनेर फर्के । केहीले नयाँ घर पनि ठडाए । तर अधिकांशले भने न त पैसा पाए, न त मोबाइल फोन नै । यतिसम्म कि उनीहरूलाई बीच बाटोमै गायब पारेको खबरहरू पनि बाहिरियो ।

झण्डै एक दशकपछि यस्तै डरलाग्दो खबर बाहिरिएको छ । सयभन्दा बढी नेपालीलाई प्रलोभनमा पारी भारत लगेर मिर्गौला झिकेको आरोपमा सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-७ घर भएका ३८ वर्षीय श्यामकृष्ण भण्डारी पक्राउ परेका छन् । उनका सहयोगी सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-२ घर भएका २९ वर्षीय सुजन भारतीलाई पनि नयाँ दिल्लीबाट पक्राउ गरेर प्रहरीले नेपाल ल्याएको छ । यो घटनामा सात जना पक्राउ परेको प्रहरीले जानकारी दिएको छ । जसमध्ये तीन जनाको मिर्गौला बेचेको पाइएको छ । उनीहरूले एकजनाबाट मिर्गौला बेचेबापत १० लाख रूपैयाँसम्म असुल गरेको पाइएको छ ।

देशभरबाट भारतमा मिर्गौला बेच्न जानेहरूको लामै लाइन लागेको विभिन्न घटनाबाट पुष्टि हुन्छ । फरक यति हो धेरथोर पैसा पाएकाहरू चुप छन् । पछिल्लोपटक छ लाख रूपैयाँ पाउने आशमा भारत पुगेकाहरूको उजुरीका आधारमा प्रहरीले नियन्त्रणमा लिएको हो । उनीहरूले पैसा नपाएपछि प्रहरीमा उजुरी दिएको देखिन्छ । पैसा कमाउने आशमा भारत पुगेकाहरूले 'म्याचिङ' नहुँदासमेत चिकित्सा र दलाललाई हारगुहार गरी मिर्गौला झिक्न लगाउने गरेको प्रहरीसामु दलालहरूले बयानका क्रममा भनेका छन् । यसको मुख्य कारण एउटा मिर्गौला झिक्दैमा खासै असर नपर्ने भन्दै आश्वस्त पार्नु हो । यस्तो डरलाग्दो धन्दा चल्नु राज्यकै कमजोरी हो । नेपालीको मिर्गौला जोगाउन राज्यले सचेतना कार्यक्रम चलाओस् ।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# महिलाको विकासमा मिडियाको भूमिका



■ विमला तुम्खेवा

> हिजोको दिनमा महिला आफूमाथि भइरहेको अन्यायको विरोधमा एकै शब्द बोल्न सक्दैनथे तर आज अवस्था अर्कै छ । जो विश्वसामु यो देशले भन्न सक्छ मैले महिलालाई राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुखलगायत राज्यका उच्च स्थानमा पुऱ्याउन सफल भएको छ । यो महिलाको सरोकारको मुद्दामा देशले हासिल गरेको सफलता हो । यति हुँदाहुँदै पनि प्रश्न उठ्छ, माथि उल्लिखित सफल नामहरूको पछि आउन चाहने अन्य नामलाई नेपाली सञ्चारमाध्यमले अबको दिनमा कस्तो ढंगले उठान गर्ने ? यसरी हेर्दा महिलाको विषयमा सञ्चारमाध्यम अझै संवेदनशील हुन जरूरी छ ।

नेपाली राजनीतिमा महिलाको उपस्थिति र योगदानलाई इतिहासका प्रत्येक कालखण्डमा फर्केर हेर्दा अर्थपूर्ण बलिदान र सहभागिता स्पष्ट देखिन्छ । तर दुर्भाग्यवश, राज्य र समाजले कहिल्यै पनि महिलाको योगदानलाई न्यायोचित र उचित ढंगले मूल्यांकन गर्न सकेको छैन । वि.सं. २००७ देखि २०४६ को जनआन्दोलन, माओवादी जनयुद्धहुँदै २०६२/६३ को जनआन्दोलनसम्म महिलाले गरेको संघर्ष र पुऱ्याएको योगदान अनि देखाएको साहस नेपाली समाजमा मात्र नभएर दक्षिण एसियामै उदाहरणका रूपमा लिने गरिन्छ ।

नेपाली राजनीतिक इतिहासका हरेक निर्णायक क्षणमा महिलाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहँदै आएको छ । तर उनको योगदानलाई राज्यले वा समाजले न्यायोचित मूल्यांकन भने गर्न सकेको छैन । वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलनमा महिलाले गोप्य बैठक सञ्चालन गरेकोदेखि प्रचारप्रसार, राजनीतिक सामग्री वितरणसम्म महत्त्वपूर्ण भूमिका खेलेका थिए । मंगलादेवी सिंह, शैलजा आचार्यजस्ता नेत्रीहरूले जेल सजाय भोग्दै प्रजातन्त्र ल्याउन योगदान गरे ।

वि.सं. २०४६ को जनआन्दोलनमा महिलाको सहभागिता निर्णायक रह्यो । विद्यार्थी, गृहिणी, कर्मचारी सबैले सडकमा उत्रिएर बहुदलीय व्यवस्था स्थापनामा हातेमालो गरेका थिए । यस क्रममा कयौं महिलाले गिरफ्तार र यातना सहनुपरेको थियो । १० वर्षे माओवादी जनयुद्ध (२०५२-०६२ साल) मा झण्डै ३०-४० प्रतिशतसम्म महिला प्रत्यक्षरूपमा सहभागी भए । गाउँघरका साधारण युवतीदेखि शिक्षित महिला नेत्रीसम्मले बन्दुक बोकेर युद्ध मैदानमा उत्रिनु उनीहरूको योगदानलाई अझ विशेष बनाउँछ । तर त्यही युद्धमा हजारौं महिला आन्तरिकरूपमा विस्थापित, विधवा र हिंसापीडित पनि भए ।

दोस्रो जनआन्दोलन २०६२/६३ मा महिलाले अग्रपंक्तिमा उभिएर राजतन्त्र अन्त्य र गणतन्त्रको बाटो खुलाउन निर्णायक दबाब सिर्जना गरे । सडक प्रदर्शन, मानव सञ्जाल र पत्रकारितामा महिलाले देखाएको सक्रियता परिवर्तनलाई सफल बनाउन टेवा पुऱ्यायो । यसरी प्रजातन्त्रदेखि गणतन्त्रसम्मको यात्रामा महिलाको सहभागिता र बलिदान अपरिहार्य रहेको छ । तर यी योगदानलाई इतिहासमा उचित स्थान दिन नसकिएको तथ्यले अब पनि हाम्रो समाज र सञ्चारलाई गम्भीर प्रश्न गर्छ । महिलाले पुऱ्याएको योगदानलाई वास्तविक मूल्यांकन गर्नु आजको आवश्यकता हो ।

राणा शासनविरुद्धको आन्दोलनमा पुरुषसँगै महिलाले आन्दोलन गरेका थिए । साहना प्रधान, मंगलादेवी सिंह यसका जीवन्त इतिहास हुन् । वि.सं. २००७, २०३६ को जनमत संग्रह नेपालको सबै परिवर्तनको आन्दोलनमा महिला पुरुषसँगै सडकमा उत्रिएर जनतामा चेतना जगाउनेदेखि २०४६ सालको जनआन्दोलनमा विद्यार्थी, शिक्षक, कर्मचारीसँगै साधारण गृहिणीसमेत सडकमा आएको दृश्य अहिले पनि आँखैमा ताजा छन् । हरेक आन्दोलनका क्रममा धेरै महिलाले गिरफ्तार र यातना सहनुपरेको छ ।

तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा महिला अग्रपंक्तिमा थिए । महिलाको योगदान र संघर्ष सडक आन्दोलन, भूमिगत संघर्ष, संगठन निर्माण, प्रचारप्रसार, राजनीतिक नेतृत्व सबै तहमा समान छ । तर के यी योगदान र इतिहासलाई हाम्रो सञ्चारमाध्यमले उचित रूपमा सम्मानजनक स्थान दिन सकेको छ त ? अब यी विषयमा गहिरिएर पुनर्विचार छलफल गर्दै अब २०८४ सालमा हुन गइरहेको निर्वाचनमा कसरी बढीभन्दा बढी महिलालाई समेट्न सकिन्छ भन्नेतर्फ सञ्चारमाध्यम सचेत हुन जरुरी छ ।

बन्दुक बोकेर १० वर्षे जनयुद्ध ताका काखमा दूधे बच्चा लिएर हिँडेका महिला होस् अथवा सिंहदरबारअघि माइतीघर मण्डलमा उभिएर न्याय मागिरहेकी महिला अथवा संविधान लेखन प्रक्रियामा प्रत्यक्ष/अप्रत्यक्ष भूमिका खेलेका ती तमाम महिलाको भूमिका अविष्मरणीय छ । यी सबै नेपालले प्राप्त गरेका महत्त्वपूर्ण उपलब्धिहरू हुन् । हिजोको दिनमा महिला आफूमाथि भइरहेको अन्यायको विरोधमा एकै शब्द बोल्न सक्दैनथे तर आज अवस्था अर्कै छ । जो विश्वसामु यो देशले भन्न सक्छ मैले महिलालाई राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुखलगायत राज्यका उच्च स्थानमा पुऱ्याउन सफल भएको छ । यो महिलाको सरोकारको मुद्दामा देशले हासिल गरेको सफलता हो ।

यति हुँदाहुँदै पनि प्रश्न उठ्छ, माथि उल्लिखित सफल नामहरूको पछि आउन चाहने अन्य नामलाई नेपाली सञ्चारमाध्यमले अबको दिनमा कस्तो ढंगले उठान गर्ने ? यसरी हेर्दा महिलाको विषयमा सञ्चारमाध्यम अझै संवेदनशील हुन जरुरी छ । त्यसो त लोकतन्त्रमा जनताले आफ्नो मत राख्न पाउनु अनिवार्य सौन्दर्य हो । तर कुरा जब महिलाको आत्मसम्मान, हक र मानसिक स्वास्थ्यको आउँछ, अझै नेपाली समाज संयम हुन जरुरी छ ।

वर्तमान समय सञ्चारमाध्यम र सामाजिक सञ्जालको प्रभावबाट सबैभन्दा बढी महिला पीडामा छन् । उनीहरूको मानसिक स्वास्थ्यका विषयमा नेपाली मिडियामा गम्भीररूपले चर्चा भएकै छैन । राजनीतिमा क्रियाशील महिला यी सबै अवस्थाबाट गुज्रिन बाध्य छन् । व्यक्तिको चरित्रसँग गाँसिएर आएका समाचारका कारण राजनीतिक नेतृत्व, सामाजिक जीवनमा असर, मानसिक स्वास्थ्यमा असर समान अवसर गुम्नेजस्ता समस्या हुने गर्दछन् । अझै पनि महिलाका विषयमा केन्द्रित समाचार प्रमुख समाचार हुँदैनन् । आइहाले पनि महिलाको चरित्रसँग गाँसिएका समाचारलाई बढी प्राथमिकतामा राखिन्छ । गलत सूचना र पूर्वाग्रही प्रस्तुतीकरणकै कारण महिलाको छवि कमजोर बनाइएको अवस्था कयौं छ । उदाहरणका लागि, पहिलो संविधानसभा चुनावपछि महिलाको सक्रिय उपस्थितिलाई 'चुरा बेच्दाबेच्दै सांसद' भन्नेजस्ता समाचार शीर्षकले हल्का तुल्याइयो । यसले महिलाको राजनीतिक छविलाई मात्र नभई आमसमाजमा उनीहरूप्रतिको दृष्टिकोणमा परिवर्तन गर्न महिलाले ठूलो प्रतिस्पर्धा गर्नुपऱ्यो र आजसम्म परिरहेको छ ।

नेपालको संविधान २०७२ ले ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था सुनिश्चित गरेको भए पनि प्रत्यक्ष चुनावमा महिलाको संख्या न्यून नै छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ केवल नौ जनामात्र महिला निर्वाचित भए भने अधिकांश समानुपातिक सूचीबाट आए । यसले के कुरालाई देखाउँछ भने दलहरूले संख्यात्मक प्रावधानमात्र पूरा गर्न महिलालाई उम्मेदवार बनाएको हो कि झैं लाग्छ । वि.सं. २०८४ मा हुने जाँदै गरेको निर्वाचनमा सबै दलले महिलालाई समान हैसियत, प्रतिस्पर्धी क्षेत्रमा उम्मेदवार बनाउने अवस्था सिर्जना हुनका लागि सञ्चारमाध्यमले अहिलेबाटै समान र सकारात्मक भूमिका खेल्न जरुरी छ ।

आगामी २०८४ को निर्वाचन केवल दल वा उम्मेदवारबीचको प्रतिस्पर्धामात्र होइन, सूचना र गलत सूचनाबीचको प्रतिस्पर्धा पनि हुने छ । सामाजिक सञ्जालमार्फत महिलामाथि हुने चरित्र हत्या, अपमानजनक टिप्पणी र झूठो प्रचार अझ बढ्ने संकेत देखिन्छ । यसको रोकथामको निम्ति पनि सक्रिय व्यक्ति दल संघसंस्था नागरिक समाज सबै सरोकार निकाय सचेत हुन जरुरी छ । महिलालाई उमेदवार बनाउँदा केवल कोटा भर्ने सोचबाट होइन, हिजोको दिनमा गणतन्त्रका निम्ति आ-आफ्नो तहबाट पुऱ्याएको योगदानका आधारमा योग्य नेत्रीलाई अगाडि ल्याउन सबै राजनीतिक पार्टीहरूको सकारात्मक भूमिका हुन जरुरी छ ।

महिलाको विकासका निम्ति सही उपाय भनेकै तथ्यमा रहेर सही सूचना प्रवाह गर्नु हो । गलत सूचनाबाट उत्पन्न हुने मानसिक र सामाजिक हिंसाप्रति सजग हुनुपर्छ । वि.सं. २०८४ को निर्वाचन केवल मतको प्रतिस्पर्धा होइन, सत्य र असत्यबीचको संघर्ष पनि हो । यस संघर्षमा सञ्चार गृह, दल, नागरिक समाज र हरेक नागरिक जिम्मेवार बन्न जरुरी छ । *रासस*

# सामाजिक एकताको पर्व गौरा



■ लोकराज अवस्थी

> गौरा पर्वलाई सरसर्ती हेर्दा सांस्कृतिक पर्वका रुपमा मात्र हेरिन्छ । तर यस पर्वले समाजिक एकतालाई मजबुत बनाउने काम गरेको छ । समाजलाई एकसूत्रमा बाँधेको छ । समाजको संरचनालाई बलियो बनाई एकसूत्रमा बाँधी सामाजिक सद्भाव कायम राखेको छ ।

पूर्व-पश्चिम, हिमाल, पहाड तराई सबैका आ-आफ्ना तर फरक-फरक चालचलन तथा संस्कृतिहरू छन्, जसले आ-आफ्नो समाजलाई एकताको सूत्रमा बाँधेको छ । आपसमा सद्भाव कायम गरेको छ, जुन नेपालीको पहिचान बनेको छ । यहाँ कुरा गर्न खोजिएको प्रसंग हो, सुदूरपश्चिममा मनाइने गौरा पर्वको । देशका अन्य भू-भागजस्तै सुदूरपश्चिम क्षेत्रको पनि आफ्नै अलग्गै कला, भाषा, तथा संस्कृति रहेको छ, जुन आफैंमा महत्त्वको विषय बनेको छ । गौरा दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, डोटी, बझाङ, अछाम र कैलाली तथा मध्यपहाडी जिल्लाहरूमा हर्षोल्लासमय तरिकाले मनाइन्छ । हिन्दू धर्ममा आधारित भएकाले गौरा पर्व नेपालमा मात्र नभएर भारतका कुमाउ, हिमालय प्रदेश, कन्या कुञ्ज, गुजरात आदि क्षेत्रमा पनि मनाइन्छ । यस क्षेत्रका पहाडी जिल्लामा गौरा पर्व मौलिक रूपमा मनाइन्छ । जिल्लाअनुसार मनाइने विधि भने फरक-फरक छ ।

गौरा विशेषगरी भदौ महिनामा पर्छ । तर तिथिअनुसार कहिले साउन र कहिले असोजमा पनि पर्छ । गौरा कति दिनसम्म मनाइन्छ भन्ने कुरामा भने एकरूपता पाइँदैन । पञ्चमीमा बिरुणा भिजाउने, सप्तमीमा गौरा भित्र्याउने र अष्ठमीमा पूजा गर्नेमा समानता पाइन्छ तर गौरा विसर्जन गर्ने मिति र तिथि फरक-फरक हुने गर्दछ । कुनै ठाउँमा पाँच दिनसम्म, कुनै क्षेत्रमा सात या १० दिनसम्म पनि गौरा पर्व मनाइन्छ । गौरा पर्व लम्ब्याउनुका कारण देउडा लामो समयसम्म खेल्नु हो । दिनभरि काम गरी रातभरि देउडा खेल्ने गरिन्छ । गौरा पर्व महिलाहरूले मात्र मनाइने पर्व हो । गौराको सबै प्रक्रिया तथा विधिमा महिलाको मात्र सहभागिता रहने गर्दछ । तर, पुरूषले देउडा, धुमारीलगायतका परम्परागत खेल भने खेल्ने चलन रहेको छ ।

गौरा (गोःरा) कहिलेदेखि मनाउन थालिएको हो भन्ने यकीन तथ्य कतै भेटिँदैन । यो पर्व गौरी, महेश्वर र हिमालय पर्वतसँग जोडिएकाले परापूर्वकालदेखि मनाउँदै आएको हो भन्ने अनुमान गर्न सकिन्छ । धार्मिक कथाअनुसार पार्वतीले भगवान शिवलाई पति पाउँ भनी व्रत लिएको र सो व्रतपछि पार्वतीले शिवजी पति पाएको भन्ने विश्वासमा गौरी अर्थात् गौराको उपासना बसी व्रत लिन थालेको भनाइ छ । तर यो भनाइसँग गौरा मनाउने तरिका भने त्यति मेल खाँदैन किनभने गौरामा विवाहित महिलाले व्रत बस्ने चलन छ । तर, गौरा बनबाट घरभित्र अविवाहित कन्याले ल्याउने गरिन्छ । यस तथ्यलाई आधार मान्दा गौरीले विवाह हुनुभन्दा पहिले शिवजी वर पाउँ भनी व्रत लिएको र शिवजी पति पाएपछि पतिको दीर्घायूका लागि व्रत बसेको अनुमान लगाउन सकिन्छ । गौरा अविवाहित कन्याले भित्र्याउने तर पूजा र व्रतचाहिँ विवाहित महिलाले मात्र बस्ने तथ्यले यसलाई पुष्टि गर्दछ । गौराको व्रत बस्ने महिलाले पतिको दीर्घायुको कामना गर्दछन् ।

गौरा पर्व भाद्र शुक्ल पक्षमा पऱ्यो भने उज्याली गौरा र कृष्ण पक्षमा पऱ्यो भने अन्यारी (अध्यारी) गौरा भनिन्छ । पहिलोचोटी गौराको व्रत बस्नका लागि उज्याली गौरा उत्तम मानिन्छ । गौराको व्रत बस्नुको अर्थ पुरूषको जनैजस्तै महिलाले दुब्धागो (पवित्र शुद्ध डोरी) लगाउनु हो । सातवटा रङलाई विभिन्न देवताको प्रतीकको रूपमा लिइन्छ । उदाहरणका लागि कालो रङलाई महाकाली, रातो रङलाई लक्ष्मी, सेतो रङलाई सरस्वतीको प्रतीकको रूपमा लिइन्छ । यो विवाहित महिलाका लागि अनिवार्य हुन्छ । दुब्धागो लगाएपछि लुगा फेरेर खाने (भान्सा खाने) र चोखो भइन्छ भन्ने मान्यता रहेको छ । दुब्धागोमा दुबोसहित सातवटा रङका धागो हुन्छन् । विवाहित महिलाले शौभाग्यको प्रतीकको रूपमा दुब्धागो लगाउने गरेको धार्मिक पुराणमा वर्णन गरेको पाइन्छ ।

गौरा भाद्र पञ्चमीको दिनबाट सुरू हुन्छ । पञ्चमीका दिन बिरूणा भिजाउने गर्दछन्, जसलाई गौरा पर्वमा शुभ संकेतको रूपमा लिइन्छ । बिरूणामा पाँचवटा अन्नहरू केराउ, गुराँस, मास, गहत र गहुँको मिश्रण हुन्छ । गाउँभरीका महिलाहरू पँधेरोमा जम्मा भई सगुन (भक्ति गीत) गाउँदै बिरूणा धुने गरिन्छ । बिरूणा धुनलाई उपासना बस्ने चलन छ । तर, गाउँमा जुठो परेमा (मान्छे मरेमा) बिरूणा राखिँदैन । सुत्केरी तथा महिनावारी भएको घरमा पनि बिरूणा राख्ने चलन छैन । बिरूणालाई भगवान्को प्रसादका रूपमा लिने भएकाले चोखो भएरमात्र राख्ने चलन छ ।

सप्तमीको दिन गौरा पर्वको महत्त्वपूर्ण दिन हो । किनभने गौरा भित्र्याउने दिन हो । सप्तमीको दिन अविवाहित छोरीचेलीहरू पाखामा उम्रेको धानको बिरूवा, सावा, दुबो, तिल र कुशबाट निर्मित मानवाकृती गौराअर्थात् पार्वतीको मूर्ति निंगलाको डालोमा गौरा घरमा भित्र्याइन्छ । गौराको हात र टाउको साँवा मोडेर बनाइन्छ । बाहिरबाट रेशमी कपडाले सजाइन्छ । गौरालाई गौराघर (गोरेघर) भित्र ल्याइसकेपछि पूजा कोठामा राखिन्छ । दिउँसो १२ बजेपछि धार्मिक चलनअनुसार सप्तमीको व्रत बसेका विवाहित महिलाहरूले महादेव तथा गणेशको मूर्तिलाई थालीमा राखेर पूजा गर्दछन् । सप्तमीको प्रतीकका रूपमा सातवटा गाँठा (सात ठाउँमा बाँधेको) भएको धागोको डोरी सप्तमी धागो लगाएपछि मात्र खाना खाने चलन रहेको छ । सोही रातभरि गौरा खेल्ने ठाउँ (खलो...) मा सबै जना भेला भई रातभरि जाग्राम बस्छन् । व्रतालु महिलाले विभिन्न देवीदेवताको कथावाचन, फाग तथा सगुन गाउने गर्दछन् ।

गौराको दोस्रो दिनलाई अठ्वाली भनिन्छ । अष्टमीको दिन तथा अठ्वालीको समापनमा सबैले उक्त मूर्तिमा नयाँ दुब्धागो लगाउँछन । पुरानो दुब्धागो त्यही गौराको मूर्तिमा बाँधेर अन्तिम दिन गौरासँगै समापन गर्दछन् । अठ्वालीको दिन सगुन र फाग स्थानीय भाकामा गाइन्छ । अठवाली गाउनलाई एक घण्टादेखि लिएर तीन घण्टासम्म समय लाग्दछ । गौरापूजा गर्दा महादेव मूर्तिलाई पूजा सामग्रीले सजाइएको हुन्छ । सप्तमीमा भित्र्याएको गौरा अष्टमीको दिन विधिवत् रूपमा पाठपूजा गरी बाहिर ल्याइन्छ । गौरा बाहिर ल्याइसकेपछि महिलाहरूले गौरा नाच नाच्ने तथा फाग सगुन गाउँछन् । गौराको पाठपूजा गरी सकेपछि बेलुकी गौरालाई पुनः गौराघरभित्र राखिन्छ । अष्टमीको दिन पनि महिलाहरू उपासना बस्ने गर्दछ । प्रायः जस्तो ठाउामा गौराको तेस्रो दिन विसर्जन (सेलाउनु) गर्दछन् । गौरा सेलाउनुभन्दा अगाडि गौरामा चढाएका फलफूल तथा बिरूणा सफा चाँधरमा राखी आकासतिर फालिन्छ । स्थानीय भाषामा यसलाई फल फड्काउनु भन्ने गरिन्छ । फालिएका फल भुइँमा नखस्दै आकाशबाटै समात्न सक्यो भने मनले सोचेको पूरा हने विश्वास गरिन्छ । यसकारण आकाशतिर फल फालेपछि समात्नलाई मानिसको घुइँचो लाग्छ । अन्तमा गौरालाई पवित्र धार्मिकस्थलमा समापन गर्दछन् । गौरालाई एक वर्षका लागि बिदाइ गरेपछि रातभरि डेउडा खेल खेल्छन् ।

गौरा समापन (सेलाएको) दिन महिलाहरूले बिरूणाले परिवार तथा आफन्तको शिरमा पूजा गरी दीर्घायुको कामना गर्दछन् । बिरूणाले पूजा गर्ने कार्य सम्पन्न भए पछि औपचारिकरूपमा गौराको व्रत समापन भएको मानिन्छ । पञ्चमीको दिन भिजाएका बिरूणा भुटेर खाने गरिन्छ । बिरूणालाई गौरा देवीको प्रसादका रूपमा लिने गरिन्छ । बिरूणालाई आफन्त तथा नातागोतालाई बाँडिन्छ । जसले एक अर्काप्रतीको रिसराँग हटाई आत्मियता बढाउँछ । गौरा पर्वमा महिला र पुरूष दुवैका लागि महत्त्वपूर्ण पर्व हो । महिलाहरूले गौरा भित्र्याउने तथा पूजा गर्ने गरे पनि पुरूषहरूले पनि डेउडा, चैत (स्थानीय लयमा भगवान् तथा वीरताका गाथा गाउने तरिका), धुमारी, छलो (हात तथा खुट्टाको प्रयोग गरी युद्ध कौसल प्रदर्शन गर्ने कला) लगायतका खेलहरू खेल्छन् । कुनै ठाउमा पुरूष-पुरूषबीच डेउडा खेलिन्छ भने कुनै-कुनै ठाउँमा महिला तथा पुरूषको बीचमा डेउडा खेल्ने गर्दछन् । गौरा सुरू हुनुभन्दा एक महिना अगाडिदेखि नै राति डेउडा खेल्ने गरिन्छ ।

गौरा पर्वलाई सरसर्ती हेर्दा सांस्कृतिक पर्वका रूपमा मात्र हेरिन्छ । तर यस पर्वले समाजिक एकतालाई मजबुत बनाउने काम गरेको छ । समाजलाई एकसूत्रमा बाँधेको छ । समाजको संरचनालाई बलियो बनाई एकसूत्रमा बाँधी सामाजिक सद्भाव कायम राखेको छ । घरपरिवार धान्नका लागि वर्षभरि भारतका विभिन्न सहरमा काम गर्न गाउँलेहरू घर फर्कन्छन् । विवाह गरेका चेलीहरू माइती आउँछन् । परिवारमा खुसी आउँछ । गौरा सामूहिकरूपमा मनाउने पर्व भएकाले यसले समाजिक सद्भावलाई पुर्नताजकी गर्दछ । देउणा, चैत तथा धुमारी जे खेले पनि यी सबै सामूहिक खेल हुन् । एकअर्कासँग अँगालो मारेर खेल्ने गरिन्छ । जसले हामी एक हौं भन्ने सन्देश दिन्छ । महिलाले खेल्ने खेल र फाग तथा सगुन पनि सामूहिकरूपमा खेलिने वा गाइने गरिन्छ । जसले सामाजिक आत्मीयता बढाउँछ । वर्षभरि तीतामीठा जे भए पनि गौरा पर्वमा सबैलाई बिर्साइदिन्छ । नयाँ ताजा सम्बन्ध जोडिदिन्छ । जसले एकताको सन्देश दिन्छ । गौराले आपसमा रहेका तिक्ततालाई पनि हटाइदिन्छ । *रासस*

# द्वन्द्वपीडितले न्याय नपाएकामा चिन्ता

**कञ्चनपुर (प्रस)**– कृष्णपुर नगरपालिका-६ बालुवाफाँटाका सनम चौधरी आज पनि बुबा फर्केर आउने आशामा छन् । २५ वर्ष बितिसक्दा पनि उनका बुबा तारानाथ चौधरी घर फर्किएका छैनन् । तत्कालीन द्वन्द्वकै समयमा डकर्मी (मजदुरी) काम गरिरहेकै उनी बेपत्ता भएका थिए ।

तत्कालीन समयमा नौ वर्षका रहेका सनम अहिले पनि बुबाको अनुहार झलझल्ती सम्झिन्छन् । उनी भन्छन्, 'द्वन्द्व समाप्त भएको दुई दशक बढी बितिसक्यो तर बुबा कहिल्यै फर्कनुभएन ।' घरको कमाउने एक्लो सदस्य हराएपछि १२ वर्षकै उमेरदेखि उनले हलो जोत्ने कार्यमा लाग्नुपर्‍यो । त्यसैले विद्यालय पढ्ने अधिकारबाट वञ्चित हुनुपर्‍यो, बीचमै विद्यालय छाड्नुपरेको दुखेसो उनी पोख्छन् ।

कृष्णपुर नगरपालिका-३ की लक्ष्मी चौधरीको पीडा पनि सनमकै जस्तै छ । उनकी छोरी घरबाटै बेपत्ता भइन् । 'बूढाबूढी रोगी छौं, सहारा कोही छैन,' उनले गहभरि आँसु पार्दै भनिन्, 'घरकी एक्ली छोरी बेपत्ता पारिएपछि नदीको बीच धारमा फसेजस्तो छ, न यता जान सक्छौं न उतातिर ।'

बेलौरी नगरपालिका-४ का दीपक चौधरीका भाइ भागिराम चौधरी २०५९ सालमा बेपत्ता भएका थिए । दीपक भन्छन्, 'तत्कालीन विद्रोही भएको आरोप लगाइयो, तर भागिराम कुनै पनि गतिविधिमा संलग्न थिएनन्, कसैले सुराकी गरेकै कारण निर्दोष भाइलाई लगेर बेपत्ता पारियो ।'

यस्तै, बेलौरी नगरपालिका-१० भुडाका जीतबहादुर चौधरीका बुबा सन्तराम चौधरी घाँस काट्न खेत गएका बेला बेपत्ता भएको परिवार बताउँछ । जीतबहादुर भन्छन्, 'चाडपर्व आउँदा अझ बढी बुबाको सम्झना आउँछ, बाटोमा बुबा आइपुग्नुहुन्छ कि भनेर अझै पर्खिरहेकी आमा सपनामासमेत बुबालाई देखनुहुन्छ, तर विडम्बना, निद्राबाट उठ्दा बुबा हुनुहुन्न भन्ने यथार्थ झन् पीडादायी हुन्छ ।'

यसरी बेपत्ता पारिएका नागरिकका परिवारलाई न्याय दिन भनेर सरकारले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्‍यो । तर यी दुवै आयोग वर्षौंसम्म पीडितका उजुरी विवरण संकलन गर्ने काममै सीमित रहे । न्यायका लागि द्वन्द्वपीडित समाज नेपाल, जिल्ला कार्यसमितिका अध्यक्ष जीतबहादुर चौधरीले दुवै आयोगले आफ्नो ध्येय अनुसार काम गर्न नसकेको गुनासो गर्दै दलगत भागबण्डाका आधारमा गठन भएकाले पारदर्शिता र विश्वसनीयता गुमाएको आरोप लगाए ।

'पीडितको प्रतिनिधित्व नै नभएको आयोग पीडितमैत्री हुन सक्दैन,' उनले भने । अहिलेको आयोग पनि भागबण्डाकै आधारमा गठन भएकाले न्याय पाउनेमा उन आशंका व्यक्त गर्छन् । सहिद तथा बेपत्ता परिवारका पूर्वअध्यक्ष नरेन्द्रप्रसाद चौधरी बारम्बार आयोग गठन हुँदाहुँदै पनि पीडितले न्याय नपाएकामा चिन्ता व्यक्त गर्छन् । उनका अनुसार निकै संघर्षको बलमा सरकारबाट बेपत्ता पारिएका व्यक्तिका परिवारजनलाई राहतस्वरूप १० लाख रूपैयाँ र परिचयपत्रमात्र हालसम्म उपलब्ध हुनसकेको छ ।

एड्भोकेसी फोरमका वीरबहादुर विष्ट पीडितको प्रत्यक्ष प्रतिनिधित्व हुनेगरी आयोग गठन नगरेसम्म सत्य र न्याय सम्भव हुन नसक्ने तर्क गर्छन् । विस्तृत शान्ति सम्झौताका २० वर्ष र संविधान कार्यान्वयनका १० वर्ष बितिसक्दा पनि बेपत्ता पीडितको जीवनमा खासै परिवर्तन आएको छैन । संविधानले परिकल्पना गरेको समानता, न्याय र अधिकार बेपत्ता परिवारका लागि अझै अपूरो सपना बनेको उनी बताउँछन् ।

शान्ति सम्झौतामा स्पष्ट प्रावधान राखिएको थियो, ६० दिनभित्र बेपत्ता पारिएका नागरिकको अवस्थाबारे सत्यतथ्य सार्वजनिक गर्ने तर आजसम्म पनि त्यो प्रावधान लागू हुन नसकेको बेपत्ता परिवारका संगीता चौधरी बताउँछन् । जिल्लामा ९९ जना बेपत्ता भएको तथ्यांक छ ।

# लोप हुने अवस्थामा भोजपुरका पुस्तकालय

**टक्सार (भोजपुर)**– पछिल्लो समय आधुनिक प्रविधिको विकाससँगै पुस्तकालय सञ्चालनमा कमी हुँदै आएको छ । वि.सं. २०७२ को भूकम्पले क्षतिग्रस्त बन्नुका साथै प्रविधिको विकास हुनु, पठन संस्कृति लोप हुनुलगायत कारणले यहाँको श्रीराम अमर पुस्तकालयमा पठन संस्कृतिमा कमी हुँदै गएको हो ।



राणाकालमा स्थानीय नारदमणि थुलुङ, विचारीचन्द्र प्रसाद, इन्द्रप्रसाद श्रेष्ठ, जगदीश सापकोटालगायत युवाद्वारा पुस्तक संकलन गरी श्रीराम पुस्तकालय सञ्चालन गरिएको थियो । उक्त पुस्तकालयले तत्कालीन शासकबाट वि.सं. २००५ देखि सञ्चालनको अनुमति प्राप्त गरेको स्थानीय नवीन सुवालले बताए ।

राणाविरोधी आन्दोलनमा ज्यान गुमाएका वीर अमर सहिदहरूको सम्झनामा वि.सं. २०१० मा सदरमुकाममा श्री अमर सहिद पुस्तकालय स्थापना भएको थियो । तत्कालीन वडा कार्यालयले वि.सं. २०१२ माघ २२ गते धार्मिक तरिकाबाट पुस्तकालय सञ्चालन गर्न अनुमति दिएका पुस्तकालयका ज्ञाता एवं स्थानीय शेरबहादुर मोक्तानले बताए । उनले भवन अभाव, आर्थिक समस्या, प्रविधिको प्रयोग नहुनुलगायत कारणले यहाँका पुस्तकालय लोप हुने अवस्थामा पुगेका उल्लेख गरे ।

पुस्तकको अभाव, आर्थिक समस्या, स्थान अभावलगायत कारणले दुवै पुस्तकालय सञ्चालनमा समस्या भएपछि २०२३ माघ १६ गते श्री राम अमर सहिद नाममा रूपान्तरण गरी दुवै पुस्तकालय संयुक्त रूपमा सञ्चालन गर्न थालिएको पुस्तकालयका संरक्षकसमेत रहेका मोक्तानले जानकारी दिए ।

विभिन्न चाडपर्व, देउसी, भैली, लाखे जात्रा प्रदर्शन तथा विभिन्न अवसरमा देखाइने नाटक, एकांकी प्रदर्शन तथा मञ्चनमार्फत भएको आम्दानी बचत गर्नुका साथै तत्कालीन जिल्ला पञ्चायतबाट आर्थिक सहयोगबाट आफ्नै भवन निर्माण गरिएको उनले बताए । २०४० भदौमा एक लाख १४ हजार रूपैयाँ लागतमा भवन निर्माण भएको थियो । जिल्ला प्रशासन कार्यालय, भोजपुरमा 'संस्था दर्ता ऐन, २०३४' अनुसार २०३८ साउन ६ गते २ नं मा दर्ता भएको यो पुस्तकालय समाज कल्याण परिषद्मा 'समाज कल्याण ऐन, २०४९' अन्तर्गत दर्ता भएर प्रमाणपत्र प्राप्त गरेको छ ।

२०७२ सालको भूकम्पले क्षति पुर्‍याएको पुस्तकालयको भवन पुनःनिर्माण नहुँदा नियमित सञ्चालनमा समस्या भइरहेको सञ्चालक समितिका अध्यक्ष सिरोज श्रेष्ठले बताए । जीर्ण बनेको भवन पुनःनिर्माणका लागि आवश्यक बजेट व्यवस्थापन हुन नसक्दा ऐतिहासिक पुस्तकालय लोप हुने अवस्थामा पुगेको उनको भनाइ छ ।

पुस्तकालयमा 'इ-लाइब्रेरी' सञ्चालनका लागि काठमाडौंस्थित पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइराला संरक्षक रहेको ईश्वर मन्दिरले दुई थान कम्प्युटर हस्तान्तरण गरे पनि भवन नहुँदा आधुनिक प्रविधिको प्रयोग गर्न नसकिएको अध्यक्ष श्रेष्ठले बताए ।

तत्कालीन समयमा पुस्तकालयले विगतमा राजा वीरेन्द्रको शुभजन्मोत्सव विषेशांक, पिखुवाको सुसेलीलगायत केही फुटकर साहित्यिक पुस्तक प्रकाशन गरिसकेको छ । विगतमा भानुजयन्ती, मोतीजयन्ती, लक्ष्मीजयन्ती, सहिद दिवस, पुस्तकालय वार्षिकोत्सवलगायत अवसरमा साहित्यिक भेला, कविता गोष्ठीलाई पुस्तकालयले सञ्चालन गर्दै आइरहेको स्थानीय प्रविण सुवालले बताए ।

पुस्तकालयले सांस्कृतिक पर्वहरूको जगेर्ना गर्न तथा परम्परा कायम राख्न प्रत्येक वर्ष नागपञ्चमीदेखि सुरु हुने लाखेजात्रा पर्वमा लाखे नाच, गाईजात्रा, कृष्णअष्टमी जात्रा, रथयात्राको प्रदर्शन गर्नुका साथै नेपाल सम्वत्, ल्होसार चण्डीनाचको आयोजना गर्न सहयोग जनाउँदै आएको छ ।

पुस्तकालयलाई व्यवस्थितरूपमा आधुनिक प्रविधिअनुसार सञ्चालनमा ल्याएमा स्थानीयका साथै विद्यालय र क्याम्पसका विद्यार्थी प्रत्यक्ष लाभान्वित बन्ने स्थानीय पुस्तक व्यवसायी जीवन श्रेष्ठले बताए । 'विगतमा अन्य ठाउँमा नपाइने पुस्तक यहाँ पढ्न पाइन्थ्यो । यहाँ हरेक किसिमका पुस्तक र पत्रपत्रिकाहरू पाइन्थ्यो,' उनले भने ।

अहिले पुस्तकालयमा साहित्य, व्याकरण, उपन्यास नेपाली हिन्दी, कथा, कविता नाटक, निबन्ध, इतिहाससम्बन्धी, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका पुस्तक, हास्यसम्बन्धी, भूगोल, अर्थशास्त्र, अंग्रेजीलगायत विभिन्न विधाका छ हजार बढी पुस्तक रहेका पुस्तकालयका संरक्षक मोक्तानले जानकारी दिए ।

साथै, वि.सं. २०१२ मा स्थापना भएको भोजपुर नगरपालिका-४, सिद्धेश्वरस्थित जनहित पुस्तकालय अहिले बन्द भएको छ । आधुनिकतासँगै पुस्तक पढ्न आउने पाठनको कमी हुँदा पुस्तकालय नियमितरूपमा सञ्चालन गर्न नसकिएको शिक्षक गणेश श्रेष्ठले बताए । उनले भने, 'पुस्तक र भवन पनि छ, तर पाठकको अभावका कारण नियमित सञ्चालनमा छैन, यसलाई इ-लाइब्रेरीका रूपमा विकास गर्न जरुरी छ ।' यहाँ करिब चार हजार पुस्तक छन् ।

जिल्लाको दक्षिण हतुवागढी गाउँपालिकामा सञ्चालनमा रहेको हतुवागढी सार्वजनिक पुस्तकालय व्यवस्थापनका लागि 'पठन संस्कृतिमा सरोकारवालाः अवसर र चुनौती' विषयमा आइतबार छलफल भएको थियो । पुस्तकालय तथा ईश्वरमान राई अध्ययन प्रतिष्ठानको आयोजना र गाउँपालिकाको सहयोगमा उक्त छलफल आयोजना गरिएको हो । *रासस*

# गुमेको ज्योति फर्किएपछि खुसी छन् रामेछापवासी

**मन्थली (रामेछाप)**– यहाँका ज्योति गुमेका एक सयभन्दा बढीलाई निःशुल्क आँखा शिविरमार्फत ज्योति फर्काइएपछि उनीहरू अत्यन्तै खुसी भएका छन् । मन्थलीस्थित तामाकोशी सहकारी अस्पातालमा शुक्रबार र शनिबार दुई दिन सम्पन्न निःशुल्क आँखा शिविरमा ११३ जनाको मोतियाबिन्दुको शल्यक्रियामार्फत यहाँका आँखाका रोगी गुमेको ज्योति फर्काएको थियो । गाउँमै निःशुल्क शिविर सञ्चालन भएपछि समय र पैसाको खर्च गरेर धेरै टाढासम्म जानुपर्ने बाध्यता हटेको, आफ्नो गुमेको ज्योति फर्किएको भन्दै रामेछाप नगरपलिका-८ का केदारनाथ घिमिरेले खुसी व्यक्त गरे ।

घिमिरेमात्र होइन, अर्की सेवाग्राही सोनमाया घिसिङ पनि आफ्नो गुमेको ज्योति फिर्ता हुने र दुवै आँखा राम्रोसँग देखिने भएपछि असाध्यै खुसी भएकी छन् । उनले भनिन्, 'जिल्ला सदरमुकाममा आएको आँखा शिविरमा आँखाको शल्यक्रिया गर्न पाएँ, लामो समयदेखि धमिलो हुने आँखा नदेख्ने समस्या यस शिविरले समाधान गरिदिएपछि हामीहरूलाई निकै सहज भएको छ ।'

त्यसैगरी रामेछाप नगरपालिकाओखेनीकापूर्णतामाङ र खाँडादेवी गाउँपालिकास्थित पिंखुरीकी मैया तामाङ पनि यो शिविरले आफूहरूलाई निकै सजिलो बनाएको बताउँछन् । जिल्ला सामुदायिक आँखा केन्द्र मन्थली, खाँडादेवी गाउँपालिका माकादुम र सामुदायिक विकास समाज मन्थलीको आयोजना तथा सहकार्यमा वरिष्ठ नेत्ररोग विशेषज्ञ सुष्मा दुवालका नेतृत्वमा रहेको ११ जनाको टोलीले शनिबार शिविर सम्पन्न गरेको केन्द्रका प्रमुख उमेश तामाङले बताए ।

शिविरमा १११ जनाको मोतियाबिन्दु र तीन जनाको 'माइनर अप्रेसन' सहित ११३ जनाको आँखाको शल्यक्रिया गरिएको जिल्ला सामुदायिक आँखा केन्द्र मन्थलीका आँखा स्वस्थ्य कार्यकर्ता पुष्कल घिमिरेले बताए । सरकारी अस्पतालमा स्वास्थ्य सेवा निःशुल्क भनिए पनि गुणस्तरीय उपचार र औषधि वितरण व्यवहारमा लागू भएको पाइन्न । *रासस*


## साउदीमा रोजगार

कम्पनी : MOHAMMED QASSIM SAEED ALKUWARI MARBLE FACTORY

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१५ | LT. No. 320116 | चलानी नं. ६०२३४४१७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३७,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 539/061/062

Richhood Overseas Inc. Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा, कोशी प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगी

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

### डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाँडाहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।



## अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड
## Upper Syange Hydropower Limited

का.म.न.पा.चन्डोल–४, काठमाडौं, नेपाल, फोन : ०१–४५४२८६०
इमेल : upper.syange@gmail.com, वेभसाइटः www.uppersyange.com

### नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२।०५।१६**

यस कम्पनीको मिति २०८२/०५/११ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदाँ सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितीको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**

**मिति** : २०८२ साल आश्विन ०९ गते (तद्अनुसार २५, सेप्टेम्बर २०२५) बिहिबार ।
**स्थान** : कुण्डलिनी दरबार बैङ्क्वेट, चप्पल कारखाना चोक, काठमाण्डौं ।
**समय** : बिहान १०:०० बजे ।

**क) साधारण प्रस्तावहरु**

१. संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरी स्वीकृत गर्ने ।
३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।
४. संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्नु हुने ४ जना संचालकहरूको लागि निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**

१. कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी, सोही बमोजिम प्रबन्धप्रत्र संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने बारे ।
३. हकप्रद शेयर निष्काशानबाट प्राप्त हुने रकमको उपयोग गर्ने बारे ।
४. आ.व. २०८१/०८२ मा विभिन्न संस्था तथा ब्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।
५. प्रबन्धपत्र र नियमवली समसामयीक संशोधन/थप गर्ने ।
६. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्ने निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
७. कम्पनी गाभ्ने सम्बन्धमा ।

(ग) **विविध ।**

**साधारण सभा सम्बन्धी जानकारीहरु**

१. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य भदौ २३, २०८२ एक दिन मात्र बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति भदौ २२, २०८२ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन् ।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीले आश्विन ०७, २०८२ गते कार्यालय समय भित्र उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
३. साधारण सभामा आफ्नो जिज्ञसा राख्न चाहनु हुने शेयरधनीहरूले आफ्नो जिज्ञासा साधारण सभा हुने २ दिन अघि नै इमेल upper.syange@gmail.com मार्फत पठाउनु पर्नेछ ।
४. शेयरधनीहरूले ब्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।
५. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले सभमा भाग लिन आँउदा आफ्नो परिचय खुल्ने नेपाल सरकारबाट जारी भएको फोटो सहितको प्रमाणपत्र नागरिकता अथवा राष्ट्रिय परिचय पत्र आदि र शेयरधनीको प्रमाण (शेयर अभौतिकरण भएका शेयरधनीहरूको हकमा हितग्राही खाताको विवरण र शेयर अभौतिकरण नभएको शेयरधनीका हकमा शेयर आवेदन फारमको अर्धकट्टी) प्रस्तुत गरेपछि मात्र सभा स्थाल भित्र प्रवेश गर्न दिईनेछ ।
६. नाबालिक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछन ।
७. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका साधारण सभा हुने दिन विहान ९:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
८. कम्पनी ऐन २०६३ को दफा अनुसारको संक्षिप्त वार्षिक आार्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखा परिक्षकको प्रतिवेदन शेयरधनीहरूले निरिक्षण वा प्राप्त गर्न चाहनु भएमा यस कम्पनीको रजिर्ष्टड कार्यालय काठमाडौं महानगरपालिका वडा नं. ४, चण्डोल तथा यस कम्पनी शेयर रजिष्ट्रार माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
९. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# प्रभाव दैनिक

सोमबार, १६ भदौ २०८२ (Monday, 01 September 2025)


रूपशाला

## सविनको 'मनका कुरा' सार्वजनिक

गायक सविन श्रेष्ठको नयाँ गीत सार्वजनिक भएको छ । सविनले 'मनका कुरा' बोलको गीत सार्वजनिक गरेका हुन् । सविनकै शब्द, संगीत र स्वर रहेको गीतमा खुसी खोज्दाखोज्दै हरेस खाएको प्रेमीको कथा प्रस्तुत गरिएको छ । गीतको भिडियोमा सुजन जिम्बा र दिक्षा कार्कीको अभिनय छ ।




# 'छालबाटो'लाई पद्मश्री साहित्य पुरस्कार

**काठमाडौं (प्रस)–** खेमलाल हरिकला लामिछाने प्रतिष्ठानले यस वर्षको पद्मश्री साहित्य पुरस्कार रमेश भुसालको संस्मरणात्मक कृति 'छालबाटो'लाई अर्पण गर्ने निर्णय गरेको छ ।

प्रतिष्ठानका अध्यक्ष जीवा लामिछानेले प्रतिष्ठानलाई प्राप्त नेपाली साहित्यका २०३ वटा पुस्तकमध्ये गत असार १५ गते विस्तारित सूची र साउन १५ गते उत्कृष्ट संक्षिप्त सूची प्रकाशित भएकामा ती कृतिमध्ये पुरस्कार चयन समितिको सिफारिसअनुसार 'छालबाटो'लाई पुरस्कार प्रदान गर्ने निर्णय भएको जानकारी दिए ।

प्रतिष्ठानले आइतबार एक विज्ञप्ति जारी गरी स्रस्टा भुसालको 'छालबाटो'ले कैलाश मानसरोवर हुँदै तिब्बतस्थित कर्णालीको उद्गम र भारतको गंगासम्मको यात्रामा कर्णालीको प्रवाह, सीमा सुरक्षा, स्थानीय बस्ती, जलवायु परिवर्तन, वन्यजन्तु, जलविद्युत् र विस्थापनजस्ता गम्भीर विषयलाई नियात्रामार्फत जीवन्त रूपमा समेटेको जानकारी दिएको छ । प्रतिष्ठानले २०६३ सालदेखि नेपाली साहित्यको उत्कृष्ट




कृतिलाई पद्मश्री साहित्य पुरस्कार प्रदान गर्दै आइरहेको छ ।

प्रत्येक वर्ष नेपाली साहित्य, संगीत र कलाको क्षेत्रमा दीर्घसाधना गरेर उत्कृष्ट योगदान पुऱ्याएका दीर्घसाधकलाई प्रदान गरिने पद्मश्री साधना सम्मान यस वर्ष नेपाली शिक्षा परिषद्की अध्यक्ष रमा शर्मालाई अर्पण गर्ने निर्णय गरिएको पनि आज जारी विज्ञप्तिमा उल्लेख छ । आफ्नो सम्पूर्ण जीवन भाषा, साहित्य, संस्कृति र कलाको उन्नयनमा समर्पित रमा शर्माका अन्वेषण, समालोचना, जीवनी, निबन्ध, भाषा, बालसाहित्यलगायतका करिब दुई दर्जन पुस्तकहरू प्रकाशित छन् ।

त्यसैगरी, समाजका विविध क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याएबापत प्रदान गरिने 'पद्मश्री गौरव पुरस्कार' यस वर्ष प्राडा अभिनारायण सुवेदीलाई प्रदान गर्ने निर्णय गरिएको छ । नेपाली र अंग्रेजी दुवै भाषामा कलम चलाउने निबन्धकार, समालोचक, भाषाविद्, नाटककार, अनुवादक तथा कवि प्राडा सुवेदीका करिब तीन दर्जन कृति प्रकाशित छन् । उनी साहित्य सृजना तथा समसामयिक लेखनमा सक्रिय छन् ।

यी पुरस्कारको राशि जनही अक्षरेपी तीन लाख रूपैयाँ तथा सम्मानपत्र रहेको छ । यी पुरस्कार तथा सम्मान कोजाग्रत पूर्णिमाको दिन अर्पण गरिने अध्यक्ष लामिछानेले बताए ।

# नयाँ स्वरूपमा 'माइतीघर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकभित्र निजी क्षेत्रको लगानीमा बनेको पहिलो चलचित्र 'माइतीघर' मा समावेश शीर्ष गीत 'प्राणभन्दा प्यारो माइतीघर' अहिलेको पुस्तामा पनि लोकप्रिय छ । आशा भोस्लेले स्वर दिएको उक्त गीतलाई नयाँ स्वरूपमा तयार गरिएको छ ।

नाम उही, गीत उही 'माइतीघर' राखिए पनि नयाँ परिवेशमा पुरानो मर्म रहनेगरी तयार गरिएको निर्माता रोहित अधिकारीले बताए । उनले निर्माण गरेका 'माइतीघर' चलचित्रमा पुरानै गीतलाई नयाँ स्वरूपमा तयार गरेका हुन् । गीतमा सञ्जिवनीले स्वर दिएको जनाउँदै अधिकारीले स्वर्गीय जयदेवले सिर्जना गरेका संगीत र किरण खरेलले रचना गरेका शब्दअनुसार नयाँ स्वरूपमा तयार गरिएको बताए । उनका अनुसार पुरानो गीतलाई स्वरमात्र नयाँ दिएर



तयार गरिएको हो ।

उनले भने, 'पुरानो नाममै चलचित्र निर्माण गर्ने निर्णय गरेपछि कालजयी उक्त गीतलाई नयाँ स्वरूपमा ल्याउने तयारी गरेर अहिले सार्वजानिक गरेका छौं । पुरानो गीतको मर्मलाई कायम राख्दै नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले चलचित्रमा समावेश गरेका हौं । गीतले चलचित्रको कथालाई अगाडि बढाउँछ ।'

निर्माता अधिकारीले उक्त गीतमा श्रव्यदृश्य (भिडियो) बनाउनेमध्येबाट उत्कृष्टलाई पाँच लाख रूपैयाँ पुरस्कार राशि प्रदान गरिने जानकारी दिए । यसका लागि प्रतियोगिता घोषणा गरिएको उनले बताए ।

'गीतको श्रव्यदृश्यमा राम्रो नृत्य गरेर हामीलाई पठाउनेमध्ये एक जनाले चलचित्र सार्वजनिकरूपमा प्रदर्शन हुनु अगाडि प्रतियोगिताको विजेता घोषणा गरी पुरस्कार पाउने छन् । प्रतियोगितामा सहभागी हुन ४० सेकेण्डदेखि दुई मिनेटसम्मको श्रव्यदृश्य तयार गरेर हामीलाई पठाउनुपर्ने छ । यसले गीतलाई नयाँ पुस्तामा पुऱ्याउनुका साथै चलचित्रको प्रचारप्रसारमा मद्दत गर्ने छ,' निर्माता अधिकारीले भने ।

उक्त गीतमा अभिनेत्रीद्वय उपासना सिंह ठकुरी र श्यामश्री शेर्पाले अभिनय गरेका छन् । गीतको श्रव्यदृश्यमा कविराज गहतराजले नृत्य निर्देशन, मानकृष्ण महर्जन र सुशन प्रजापतिले संयुक्तरूपमा छायांकन र सुरेन्द्र पौडेलले सम्पादन गरेका छन् ।

मिलन तामाङको निर्देशनमा तयार भएको उक्त चलचित्रमा केदारप्रसाद घिमिरे, धीरज मगर, प्रकाश सपुत, युवराज लामा, बुद्धि तामाङ, शिशिर वाङ्देल, रजनी गुरुङ, सन्तोष शाही, फूलकुमार बमजम, संगीता थापालगायत कलाकारले अभिनय गरेका छन् । चलचित्र दसैंको अवसर पारेर फूलपाती (असोज १३ गते)देखि प्रदर्शन हुने निर्माण पक्षले जानकारी दिएको छ ।

## रंगशाला



### के वान वर्ल्ड म्याक्स-२०२५ टुर्नामेण्ट

# नेपाली बक्सर घिमिरे फ्रान्सेली प्रतिद्वन्द्वी लेजीजीसँग भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'के वान वर्ल्ड म्याक्स-२०२५ टुर्नामेण्ट'मा पहिलोपटक नेपाली युवा बक्सर अविरल घिमिरे (हिमालयन चितुवा) रिङमा उत्रने भएका छन् । विश्वप्रसिद्ध क्लब के वान ग्रुपद्वारा यही भदौ २२ (७ सेप्टेम्बर २०२५)गते जापानको टोकियो सहरमा सो अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना हुँदै छ ।

'हिमालयन चितुवा'का नामले विश्व परिचित बक्सर घिमिरेसहित चीन, बुलगेरिया, नेदरल्याण्ड्स, सेनेगल, ब्राजिल, पोल्याण्ड, आरमेनिया, अमेरिका, फ्रान्स, जर्मनी, रुस, माल्डोभाका चर्चित बक्सर कडा प्रतीपर्धा गर्दै छन् ।

नेपालको किक बक्सिङ खेल इतिहासमा नयाँ-नयाँ विश्वकीर्तिमान कायम गरिसकेका बक्सर घिमिरे प्रतियोगिताको पहिलो दिन फ्रान्सका प्रतिद्वन्द्वी आइमेरिक लेजीजीसँग आमनेसामने हुने तालिका के वान क्लबले सार्वजनिक गरेको छ । उसो त घिमिरेले सोही के वान खेलबाट नेपालको प्रतिनिधित्व गर्दै आफ्नो किक बक्सिङको अद्भूत प्रतिभालाई विश्वसामु प्रदर्शन गर्दै आएका छन् । घिमिरेले पहिलो खेल जितेमा पुनः यही कात्तिक २९ (नोभेम्बर १५, २०२५) मा एकैदिन तीन खेल खेल्नुपर्ने हुन्छ । उक्त तीन खेल खेल्दा विजय हासिल गरेमा किकबक्सिङ इतिहासमै विश्वको नम्बर वान खेलाडीको उपाधि हात पार्दै विश्व जगत्मा इतिहास रच्न सक्ने भाग्यमानी नेपाली खेलाडी बन्ने छन् ।

'के वान वर्ल्ड म्याक्स टुर्नामेण्ट'लाई किक बक्सिङ खेल क्षेत्रको सर्वोच्च प्रतियोगिता मानिन्छ । 'के वान वर्ल्ड म्याक्स-२०२५ टुर्नामेण्ट'का लागि बक्सर घिमिरेले तयारीलाई तीव्र बनाएका छन् । आफ्नै खर्चमा बक्सर घिमिरेले थाइल्याण्डको फुकेट सहरस्थित टाइगर मोथाई क्लबबाट विशेष प्रशिक्षण लिएर हालैमात्र जापान फर्किएका थिए । जापानमा आफ्ना पिता पूर्वअन्तर्राष्ट्रिय किक बक्सिङ खेलाडी देव घिमिरेकै विशेष प्रशिक्षणमा अविरलले सो अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि अभ्यास गरिरहेको जनाइएको छ ।

अहिले प्रतियोगिता हुने टोकियो, सिबुआलगायत सहरका सार्वजनिकस्थलका होडिङबोर्डमा नेपाली झण्डासहित 'हिमालयन चितुवा'का तस्बिरलाई प्रदर्शन एवं प्रचार प्रसार गरिएका छन् । ती विद्युतीय बोर्डमा घिमिरेले रिङमा भिडेका प्रतिस्पर्धालाई देखाइएको छ ।

# खेलाडी रानाको उपचारमा आर्थिक अभाव

**तनहुँ (प्रस)–** जिल्लाको देवघाटमा वाइसिएलद्वारा आयोजित फुटबल प्रतियोगितामा घाइते भएकी शुक्लागण्डकी नगरपालिका-१० की ममता रानाको उपचारका लागि रकम अभाव भएको छ । फुटबल खेल्दा खुट्टा भाँचिएपछि चितवनस्थित देव अस्पतालमा उनको शल्यक्रिया गरिएको थियो । शल्यक्रिया सम्पन्न भए पनि अस्पताललाई एक लाख ४५ हजार रूपैयाँ तिर्न बाँकी रहेको परिवारिक स्रोतले जानकारी दिएको छ । आर्थिक अवस्था कमजोर रहेकाले अस्पताललाई उधारो चेक दिइएको छ । केही दिनभित्र तिर्ने सर्तमा राना हाल घर फर्किएकी छन् ।

परिवारको आयआर्जनको माध्यम नभएपछि उक्त रकम कसरी तिर्ने चिन्ता लागेको रानाले बताइन् । उनले भनिन्, 'अस्पताललाई रकम कसरी तिर्ने भन्ने भन्ने चिन्ता लागेको छ । नियमित जाँचका लागि जानुपर्दा पनि पैसा छैन ।' खेलाडीलाई सम्बन्धित निकायले नहेरिदिँदा समस्या हुने उनको गुनासो छ । रानाले तनहुँको प्रतिनिधित्व गर्दै भलिबल र फुटबल खेलिसकेकी छन् ।

दमौलीका खेलाडी गंगा गुरुङसहित साथीहरूले २० हजार ५०० रूपैयाँ संकलन गरी रानालाई हस्तान्तरण गरेका छन् । सामाजिक अभियान्ता सुदीप गफ्फारले खेलाडीलाई राष्ट्रका गहना भनिए पनि समस्यामा पर्दा सहयोग नगरिएकामा गुनासो गरे । उनले भने, 'अहिले रानालाई उपचारका लागि सहयोगको आवश्यकता छ । आफ्नो ठाउँलाई चिनाउनेका लागि सपनाहरू मारेर लागिपर्नुभएकी ममता रानालाई साथ सहयोग र माया गरिदिनुहुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं ।'


**युएइमा रोजगार** कम्पनी : AL KHEBRA ON DEMAND LABORS SUPPLY

पूर्व स्वीकृति मिति : २०८२/०५/१५ | LT. No. 329523 | चलानी नं. ६०२४४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 15 | 0 | 1600 | ६१,४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 15 | 0 | 1400 | ५३,७६९ | | | | | | | |
| 3 | House Labour | 30 | 0 | 1400 | ५३,७६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONNECT GLOBAL HR SOLUTIONS PVT. LTD.
Govt. License No. 1642/080/081
Mithila Marg - 04, Sukedhara, Kathmandu, Nepal, Tel: +977-1-5906362
Email: contact@connectglobalhr.com, Web: https://www.connectglobalhr.com/



**कुवेतमा रोजगार** कम्पनी : Suez Farwaniya Restaurant Co

पूर्व स्वीकृति मिति : २०८२/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१५ | LT. No. 323159 | चलानी नं. ६०२३७१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Helper Indoor | 26 | 0 | 110 | ४६,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver (Nepali License) | 3 | 0 | 150 | ७६,८१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8 sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SADIKSHA OVERSEAS PVT LTD
Samakhusi-29, Kathmandu, Nepal, Tel: (977)-1-4980181, 4988200
Email: info@sadiksha.com.np, Web: www.sadikshaoverseas.com.np
Govt. License 769/065/066



**युएइमा रोजगार** कम्पनी : SPARK SECURITY SERVICES-SOLE PROPIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१५ | LT. No. 316299 | चलानी नं. ६०२३१३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard - SIRA | 8 | 24 | 1200 | ४६,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard (ASSD) | 38 | 20 | 2000 | ७६,८१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: याक एण्ड यती होटल दरवारमार्ग काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8 sep. 2025) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ र २५ गते (9 & 10 sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Tenduli International Employment Service Pvt. Ltd.
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9851083996, 9813083335
, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np
Govt. License 304/059/60



**युएइमा रोजगार** कम्पनी : EMIRATES QUALITY DECOR CONT.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330314 | चलानी नं. ६०२४४१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1500 | ५७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decorator | 1 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 3 | DECORATIVE PAINTER | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१



**युएइमा रोजगार** कम्पनी : ALZAHRA HUMAN TECHNICALSERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330239 | चलानी नं.६०२४४०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1200 | ४६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com



**युएइमा रोजगार** कम्पनी : KOFFIYEH BUILDINGS MAINTENANCE LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330289 | चलानी नं. ६०२४४१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 2 | 0 | 1500 | ५७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 3 | Stone Mason | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 4 | Tile Layer | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



**साउदीमा रोजगार** कम्पनी : SEISMIC CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330225 | चलानी नं. ६०२४४१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1200 | ४५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com



**साउदीमा रोजगार** कम्पनी : AL MATIN INTERNATIONAL FOR PLASTIC INDUSTRIES.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330308 | चलानी नं. ६०२४४११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders | 9 | 0 | 1000 | ३७,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम इजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org



**युएइमा रोजगार** कम्पनी : SALESBURY LANDSCAPING L.LC

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330329 | चलानी नं. ६०२४४१०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker/ANIMAL FARM WORKER | 8 | 0 | 1200 | ४६,०८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason/Plaster Worker | 8 | 0 | 1500 | ५७,६११ | | | | | | | |
| 3 | Cleaners (Male) | 8 | 0 | 1000 | ३८,४०७ | | | | | | | |
| 4 | Electrician | 8 | 0 | 1500 | ५७,६११ | | | | | | | |
| 5 | Gardener | 10 | 0 | 1200 | ४६,०८९ | | | | | | | |
| 6 | Horticulture | 8 | 0 | 1500 | ५७,६११ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8thSep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Email : nileintl@wlink.com.np/
nileintl1@gmail.com/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ८२०/०६६/०६७



ब्राजिलको साओ पाउलोस्थिते पाउलिस्टा एभिन्यूमा रहेको सपिङ मलको छतमा रहेको खुला थिएटरमा चलचित्र 'अ स्टार इज बर्न' हेर्दै दर्शक ।
तस्बिर: एपी

# फ्रान्सले प्यालेस्टिनी राज्यलाई दियो मान्यता, इजरायल-अमेरिका असन्तुष्ट

**पेरिस–** प्यालेस्टिनी राज्यलाई मान्यता दिने फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनको निर्णयपछि इजरायल र अमेरिकामा असन्तोष बढेको छ । उनले गाजामा जारी युद्ध अन्त्य गर्न दुई-राज्य समाधानलाई अपरिहार्य भन्दै प्यालेस्टिनी राज्य शान्ति र इजरायलको सुरक्षाका लागि आवश्यक रहेको पत्रमार्फत इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुलाई प्रस्ट पारेका छन् ।

म्याक्रोनले फ्रान्सको पहल 'गाजामा भयावह मानवीय संकटप्रति आक्रोशबाट प्रेरित भएको बताए । सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमणपछि सुरु भएको युद्धमा मृतक प्यालेस्टिनीको संख्या ६३ हजार नाघेको इजरायली तथ्यांक छ । हाल गाजाको सबैभन्दा ठूलो सहरलाई लडाइँ क्षेत्र घोषणा गरिएको छ ।

फ्रान्स, बेलायत, क्यानाडा, अस्ट्रेलिया र माल्टाले सेप्टेम्बर २३ देखि सुरु हुने संयुक्त राष्ट्रसंघीय महासभामा प्यालेस्टिनी राज्यलाई मान्यता औपचारिक गर्ने बताएका छन् । न्युजिल्याण्ड, फिनल्याण्ड, पोर्चुगलसहित अन्य देशले पनि यस्तै कदम चाल्ने तयारी गरेका छन् ।



नेतान्याहुले भने प्यालेस्टिनी राज्यलाई अस्वीकार गर्दै गाजामा सैन्य कारबाही बढाउने चेतावनी दिनुभएको छ । उनले म्याक्रोनको अभिव्यक्तिलाई 'यहुदी विरोधलाई उक्साउने' आरोप लगाए । अमेरिकाका राजदूत चार्ल्स कुशनरले पनि यस्तो मान्यताले चरमपन्थीलाई प्रोत्साहन गर्ने दाबी गरे । उक्त दाबीलाई फ्रान्सले आपत्ति जनाएको छ ।

विशेषज्ञ पास्कल बोनिफेसका अनुसार पश्चिमी राष्ट्रहरूको समर्थनले दुई राज्य समाधानलाई पुनः बहसको केन्द्रमा ल्याएको छ । यद्यपि, गाजाको स्थितिले समाधान कठिन बनाइरहेको छ । म्याक्रोनले नेतान्याहुलाई पठाएको पत्रमा 'गाजाको कब्जा र जबरजस्ती विस्थापनले इजरायललाई अलगावमा पुऱ्याउने र यहुदी समुदायलाई अझ जोखिममा पार्ने' चेतावनी दिएका थिए ।

हालसम्म १४० भन्दा बढी देशले प्यालेस्टिनी राज्यलाई मान्यता दिइसकेका छन्, जसलाई धेरैले प्रतीकात्मक मान्छन् । तर, विश्लेषकहरूका अनुसार यसले इजरायलमाथि कूटनीतिक दबाब बढाउने छ ।

फ्रान्सेली विदेशमन्त्री जीन-नोएल बारोटले फ्रान्स र साउदी अरबको नेतृत्वमा भएको पहलबाट पहिलोपटक अरब लिगका सबै सदस्यले नागरिकमाथि हमासको आक्रमणलाई निन्दा गरेको बताए । साथै, गाजामा हमासले शासन अन्त्य गरी हतियारहरू प्यालेस्टिनी प्राधिकरणलाई सुम्पिनुपर्ने सहमति भएको थियो ।

विश्लेषक मुहम्मद शेहादाका अनुसार, यस कदमले नरमपन्थी प्यालेस्टिनीलाई बलियो बनाउने छ र 'हिंसाले नभई, कूटनीतिक बाटोले मात्र राज्य सम्भव छ' भन्ने सन्देश प्रस्ट पार्ने छ । प्यालेस्टिनी प्राधिकरणले सन् १९६७ को युद्धपछि कब्जामा परेका वेस्ट ब्यांक, पूर्वी जेरुसेलम र गाजामा स्वतन्त्र राज्यको सपना बोकेको छ । *रासस/एपी*

## मोदी-सी भेटवार्ता

# चीन-भारत सम्बन्ध पुर्स्थापनाको प्रयास

**तियानजिन (चीन)–** चिनियाँ राष्ट्रपति सी चिनफिङले आइतबार तियानजिनमा आयोजित क्षेत्रीय शिखर सम्मेलनको उद्घाटनअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गरेका छन् ।

सन् २०२० मा चीन र भारतका सैनिकहरूबीच भएको घातक सीमा झडपपछि बिग्रिएको सम्बन्धपश्चात् मोदीको यो पहिलो चीन भ्रमण हो । मोदी चीनद्वारा स्थापित क्षेत्रीय राजनीतिक, आर्थिक र सुरक्षा समूह सांघाई सहयोग संगठन (एससिओ) को सदस्य राष्ट्रका हैसियतले सहभागी हुन चीन पुगेका हुन् ।

मोदीको भ्रमणअघि चिनियाँ शीर्ष कूटनीतिज्ञ वाङ यी अगस्टको सुरुआतमा नयाँदिल्ली पुगेका थिए । त्यस क्रममा दुवै पक्षले सम्बन्ध सुधार्ने घोषणा गर्दै सीमा वार्ता पुनः सुरु गर्ने, भिसा सुविधा र प्रत्यक्ष उडान पुनः सुरु गर्ने वाचा गरेका थिए ।

वाङको भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतद्वारा रूसी तेल खरिदमा ५० प्रतिशत भन्सार शुल्क लगाउने निर्णयसँग मिल्दोजुल्दो समयमा भएको थियो । तर चीनसँगको सम्बन्ध पुनर्निर्माण गर्ने प्रक्रियामा भारत महिनौंदेखि सक्रिय रहेको बताइन्छ। चीन र भारतले यस वर्ष उच्चस्तरीय आधिकारिक भ्रमणहरू बढाएका छन् । दुवै पक्षले व्यापारमा रहेका केही प्रतिबन्ध हटाउने र सीमापार आवागमनबारे छलफल गरेका छन् । साथै, जुन महिनामा बेइजिङले भारतका तीर्थयात्रीहरूलाई तिब्बतका पवित्र स्थलहरूमा जाने अनुमति दिएको थियो ।

### मोदीको प्रतिबद्धता

भारतीय प्रधानमन्त्री मोदीले आइतबार चिनियाँ राष्ट्रपति सीसँग भएको द्विपक्षीय वार्तामा भारत-चीन सम्बन्धलाई आपसी विश्वास, सम्मान र संवेदनशीलताको आधारमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रधानमन्त्री मोदीले सीमा विच्छेदपछि सम्बन्ध र शान्तिका विभिन्न क्षेत्रमा भएको प्रगतिलाई सराहना गरे ।



'गत वर्ष कजानमा भएको हाम्रो फलदायी छलफलले सम्बन्धलाई सकारात्मक दिशा दियो । सीमामा विघटनपछि शान्ति र स्थिरताको वातावरण बनेको छ । सीमा व्यवस्थापनका लागि हाम्रा विशेष प्रतिनिधिहरूबीच सम्झौता भएको छ,' उनले भने, 'दुई देशबीचको प्रत्यक्ष उडान पनि पुनः सुरु हुँदै छ । दुवै देशका दुई अर्ब ८० करोड जनताको हित हाम्रो सहकार्यसँग जोडिएको छ । यसले सम्पूर्ण मानवताको हितको मार्ग पनि प्रशस्त गर्ने छ । हामी आपसी विश्वास, सम्मान र संवेदनशीलताको आधारमा हाम्रो सम्बन्धलाई अगाडि बढाउन प्रतिबद्ध छौं ।'

प्रधानमन्त्री मोदीले न्यानो स्वागतका लागि चिनियाँ राष्ट्रपति सीलाई धन्यवाद दिए र सांघाई सहयोग संगठन (एससिओ) को सफल अध्यक्षता गरेकोमा बधाइ दिए । उनले भने, 'एससिओको सफल अध्यक्षता गरेकोमा म तपाईंलाई बधाइ दिन्छु । म तपाईंलाई चीन भ्रमणको निमन्त्रणाका लागि र आजको हाम्रो भेटका लागि धन्यवाद दिन्छु ।'

### ड्र्यागन र हात्ती एकजुट हुनुपर्छ: राष्ट्रपति सी

चिनियाँ राष्ट्रपति सी चिनफिङले आइतबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको प्रतिनिधिमण्डलस्तरको वार्तामा आफ्नो प्रारम्भिक टिप्पणीमा चीन र भारत मित्र हुनु र 'ड्र्यागन र हात्ती' एकजुट हुनु महत्त्वपूर्ण रहेको बताएका छन् । संसार जटिल र अस्थिर अवस्थाबाट गुज्रिरहेको उल्लेख गर्दै सीले चीन र भारत दुवैका लागि (दुई प्राचीन सभ्यताहरू, दुई सबैभन्दा बढी जनसंख्या भएका मुलुकहरू र विश्वव्यापी दक्षिणका सदस्यहरू) मित्र र असल छिमेकी बन्नु, एकअर्काको सफलतालाई सक्षम पार्नु र 'ड्र्यागन र हात्ती सँगै नाच्नु नै सही छनोट हो' भने ।

सीले भने, 'प्रधानमन्त्री मोदीलाई फेरि भेट्न पाउनु र सांघाई सहयोग संगठन (एससिओ) को तियानजिन शिखर सम्मेलनमा चीनमा स्वागत गर्न पाउँदा मलाई खुसी लागेको छ ।' प्रधानमन्त्री मोदीसँगको द्विपक्षीय बैठकमा उनले भने, 'गत वर्ष हामीले कजानमा सफल भेटवार्ता गऱ्यौं, जसले चीन-भारत सम्बन्धलाई नयाँ सुरुआत दियो । हामीले सहमत भएका महत्त्वपूर्ण बुँदाहरूलाई दुवै पक्षले कार्यान्वयन गरेका छन् र द्विपक्षीय आदानप्रदान तथा सहयोगले प्रगति गरेको छ ।'

सीले भने, 'आज संसार शताब्दीमा एकपटक मात्र हुने परिवर्तनबाट प्रभावित छ । अन्तर्राष्ट्रिय अवस्था अस्थिर छ । चीन र भारत दुई प्राचीन सभ्यताहरू, विश्वका दुई सबैभन्दा बढी जनसंख्या भएका मुलुकहरू र ग्लोबल साउथका महत्त्वपूर्ण सदस्यका रूपमा दुवैले जनताको हित सुधार्ने, विकासोन्मुख मुलुकहरूको एकता बढाउने र मानव समाजको प्रगतिलाई अघि बढाउने ऐतिहासिक जिम्मेवारी बोकेका छन् । असल छिमेकी र सौहार्द्रपूर्ण साथी, एकअर्काको सफलतालाई सक्षम बनाउने साझेदार र ड्र्यागन र हात्तीलाई सँगै नचाउन दिनु नै सही निर्णय हो ।' *रासस/एएनआई/एएफपी*

# पाकिस्तानको सिन्धमा १६ लाखभन्दा बढी मानिस बाढीको जोखिममा

**कराची (पाकिस्तान)–** पाकिस्तानको सिन्ध प्रान्तका वरिष्ठ मन्त्री शरजील इनाम मेमनले बाढीका कारण प्रान्तका एक हजार ६५७ गाउँका करिब १६ लाख मानिस प्रभावित हुनसक्ने बताएका छन् ।

शनिबार मिडियालाई सम्बोधन गर्दै उनले प्रान्तीय सरकारले सम्पूर्ण संयन्त्र परिचालन गरिसकेको र सम्भावित संकट व्यवस्थापनका लागि रोकथामका उपायहरू अपनाइरहेको जानकारी दिए । मन्त्रीहरू प्रत्यक्षरूपमा स्थलमा रहेको र जिल्ला अधिकारीहरू सक्रियरूपमा संलग्न रहेको उनले उल्लेख गरे ।

उनको चेतावनीसँगै पञ्जाबका धेरै क्षेत्रहरू डुबानमा परेका छन् । त्यहाँ कम्तीमा ३० जनाको ज्यान गइसकेको छ भने १५ लाखभन्दा बढी प्रभावित भएका छन् । भारी वर्षाका कारण बढ्दै गएको सतलज, चेनाब र रावी नदीले बाढी ल्याएको हो । अधिकारीहरूले स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा सार्ने कार्य गरिरहेका छन् । अहिलेसम्म करिब चार लाख ८१ हजार मानिसलाई प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको जियो न्युजले जनाएको छ ।

सिन्धमा सरकारद्वारा ५५१ स्थानलाई राहत शिविरका लागि तोकिएको छ र १९२ उद्धार डुंगा तयारी अवस्थामा राखिएका छन् । मेमनका अनुसार पानीको सतह अझै बढेमा १६७ वटा युनियन काउन्सिलका करिब दुई लाख ७३ हजार परिवार प्रभावित हुन सक्छन् । उनले आगामी सेप्टेम्बर २ देखि ३ सम्म सिन्धमा बाढीको पानी पुग्नसक्ने जानकारी दिए ।

मेमनले ब्यारेजहरूको हालको अवस्था पनि सार्वजनिक गरे । उनका अनुसार गुड्डु ब्यारेजले तीन लाख ५१ हजार क्युसेक, सुक्कुरले दुई लाख ८९ हजार क्युसेक र कोट्रीले दुई लाख ५१ हजार क्युसेक पानी छोडिरहेका छन् । यी ब्यारेजहरूको क्षमता क्रमशः १२ लाख, नौ लाख र छ लाख क्युसेक छ । हाललाई स्थिति स्थिर रहेको र आगामी दिनमा भारी वर्षा नभए अवस्था नियन्त्रणमै रहने अपेक्षा गरिएको उनले बताए ।

सहरी केन्द्रहरू तत्काल जोखिममा नरहेको उल्लेख गर्दै मन्त्री मेमनले जनतालाई अनावश्यक त्रास नलिन आग्रह गरे । प्रान्तीय सरकार आफैं सक्षम भएकाले सेनाको सहयोग लिनुपर्ने आपत्कालीन अवस्था अहिलेसम्म नभएको पनि उनले प्रस्ट पारे । कच्छ (नदी) क्षेत्रका बासिन्दालाई जोखिमबारे सचेत पारिएको उनले जानकारी दिए । *रासस/एएनआई*

# एससिओ सम्मेलनः चीन, रूस र भारतबीच रणनीतिक सम्वादको नयाँ चरण

**तियानजिन (चीन)–** चीनका राष्ट्रपति सी चिनफिङको निमन्त्रणामा रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसहित युरेसियाली क्षेत्रका करिब २० देशका शीर्ष नेताहरू चीनको तियानजिन सहरमा आयोजित शिखर सम्मेलनमा सहभागी भएका छन् । सांघाई सहयोग संगठन (एससिओ) अन्तर्गत आयोजित यो सम्मेलन आज सोमबारसम्म चल्ने छ ।

सम्मेलनको सुरक्षालाई मध्यनजर गर्दै तियानजिनमा उच्च सतर्कता अपनाइएको छ । केही दिनपछि राजधानी बेइजिङमा दोस्रो विश्वयुद्धको समाप्तिको ८०औं वार्षिक उत्सवमा आयोजना हुने भव्य सैन्य परेडलाईसमेत दृष्टिगत गर्दै सम्मेलनलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

सांघाई सहयोग संगठनमा चीन, भारत, रूस, पाकिस्तान, इरान, कजाखस्तान, किर्गिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान र बेलारुस स्थायी सदस्य रहेका छन्, भने १६ अन्य देशहरू पर्यवेक्षक साझेदारका रूपमा आबद्ध छन् ।

रूसी राष्ट्रपति पुटिन आइतबार उच्चस्तरीय सरकारी तथा व्यापारिक प्रतिनिधिमण्डलसहित थिआञ्जिन पुगेका हुन् । सम्मेलनका क्रममा राष्ट्रपति सीले माल्दिभ्स, अजरबैजान, किर्गिस्तान तथा बेलारुसका राष्ट्रपति अलेक्जेण्डर लुकाशेन्कोसहित विभिन्न मुलुकका नेताहरूसँग द्विपक्षीय भेटवार्ता गरे । चिनियाँ समाचार संस्था सिन्ह्वाका अनुसार राष्ट्रपति सीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि सौहार्दपूर्ण वातावरणमा छलफल गरेका छन् ।

### क्षेत्रीय समन्वय र नयाँ विश्व व्यवस्था निर्माणतर्फ छलफल

चीन र रूसले यस संगठनलाई बहुध्रुवीय विश्व व्यवस्थाको विकल्पको रूपमा अघि सार्दै आएका छन् । यसपटकको सम्मेलन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पुनः पदस्थापन भएपछिको पहिलो एससिओ बैठक हो, जसले पनि यसलाई विशेष महत्त्व दिएको छ ।



राष्ट्रपति पुटिनले सम्मेलनअघि चिनियाँ सञ्चारमाध्यमलाई दिएको अन्तर्वार्तामा भने, 'यो बैठकले साझा युरेसियाली क्षेत्रको एकता सुदृढ गर्न तथा वर्तमान चुनौती र खतराहरूको सामना गर्न संगठनलाई अझ प्रभावकारी बनाउने छ ।'

विश्लेषकहरूका अनुसार चीन र रूसले एससिओजस्ता क्षेत्रीय मञ्चमार्फत अन्तर्राष्ट्रिय सन्तुलनको पक्षमा नयाँ पहल गर्ने प्रयास गरिरहेका छन् । यस्ता मञ्चहरूमा सहभागिताका माध्यमबाट विकासोन्मुख र गैरपश्चिमी मुलुकहरूलाई सहभागी गराई समावेशी विश्व संरचनाको परिकल्पना गरिएको बताइएको छ ।

### व्यापक सहभागिता र कूटनीतिक सन्देश

यस सम्मेलनमा इरानका राष्ट्रपति मासुद पेजेश्कियन, टर्कीका राष्ट्रपति रेचेप तैयप एर्दोआनलगायत धेरै देशका प्रमुखहरूको उपस्थिति रहेको छ । विश्लेषकहरूको भनाइमा यस्तो उच्चस्तरीय सहभागिताले एससिओको बढ्दो प्रभाव र चीनको कूटनीतिक सक्रियतालाई प्रस्ट पार्दछ ।

एसिया समाज नीति संस्थानकी विश्लेषक लिज्जी लीले भनिन्, 'चीनले एससिओलाई सार्वभौमिकता, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति तथा बहुध्रुवीयता जस्ता सिद्धान्तमा आधारित मञ्चको रूपमा प्रस्तुत गर्दै आएको छ ।'

### आपसी छलफल

शनिबार राष्ट्रपति सीले कम्बोडियाका प्रधानमन्त्री हुन मानेतसँग पनि शिष्टाचार भेटवार्ता गरे । आगामी दिनहरूमा राष्ट्रपति पुटिनले टर्की र इरानका राष्ट्रप्रमुखहरूसँग युक्रेन युद्ध र इरानी आणविक कार्यक्रमबारे छलफल गर्ने कार्यक्रम रहेको छ ।

जापानस्थित सोका विश्वविद्यालयका प्राध्यापक लिम ताई वेइले भने, 'रूसका लागि एससिओजस्ता क्षेत्रीय मञ्चहरू विश्व राजनीतिमा भूमिका बढाउने अवसर हुन् । साथै, चीनजस्तो ठूलो अर्थतन्त्रको साथ पाउन पुटिन इच्छुक छन् ।'

भारतका प्रधानमन्त्री मोदी शनिबार चीन आएका हुन् । यो सन् २०१८ यता उनको पहिलो चीन भ्रमण हो । केही दिनअघि अमेरिकाले भारतले रूसी तेल खरिद गरेको विषयलाई लिएर भारतीय सामानमाथि आयात शुल्क बढाएको थियो, जसले भारत-अमेरिका व्यापार सम्बन्धमा असर पारेको बताइन्छ ।

भारत र चीन विश्वका दुई सबैभन्दा जनसंख्या भएका मुलुकहरू हुन्, जसबीच दक्षिण एसियाली क्षेत्रमा प्रभाव जमाउने प्रतिस्पर्धा रहँदै आएको छ । सन् २०२० मा दुवै मुलुकबीच सीमामा झडप भएको थियो । यद्यपि, गत वर्ष अक्टोबरमा रुसमा आयोजित सम्मेलनमा प्रधानमन्त्री मोदी र राष्ट्रपति सी बीचको भेटपछि द्विपक्षीय सम्बन्धमा केही सहजता देखिएको थियो ।

चिनियाँ सञ्चार माध्यमद्वारा सार्वजनिक गरिएको बेइजिङ परेडको सहभागीहरूको सूचीमा प्रधानमन्त्री मोदीको नाम उल्लेख गरिएको छैन । तर, म्यान्माका सैनिक शासन प्रमुख मिन आङ हलाइङ र उत्तर कोरियाका नेता किम जोङ उनको सहभागिता उल्लेख गरिएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २०३६०० | प्रति तोला – ० | प्रति तोला – २४२५ |

रोजगार वार्ता

# ‘आत्मबलविना कुनै पनि पेसामा टिक्न सकिँदैन’



**किरण सिग्देल**
अध्यक्ष, युरो एसिया एचआर सोलुसन प्रालि

झट्ट हेर्दा वैदेशिक रोजगार व्यवसाय आकर्षक आम्दानी हुने क्षेत्रको रूपमा देखिन्छ । मुलुकमा रोजगारीको अभावले युवाहरु विदेसिने क्रम बढ्दै जाँदा यो व्यवसाय फस्टाएको पनि छ । तर, व्यवसायीको समस्या फरक छ । बाहिरबाट देखिएजस्ते सहज नभएको व्यवसायीहरु बताउँछन् । यस्तो चुनौतीपूर्ण पेसामा लाग्ने महिलाहरूको संख्या न्यून छ, झन् नेतृत्व तहमा त औंलामै गन्न सकिन्छ । चुनौती मोलेर वैदेशिक रोजगार व्यवसायी सञ्चालन गर्दै आएका महिलाहरूमध्येकी एक हुन्, **किरण सिग्देल** । घुम्न पनि पाइने व्यवसाय पनि चल्ने भनेर म्यानपावर व्यवसाय रोजेको बताउँछिन् उनी । नुवाकोटकी किरणले हाल युरो एसिया एचआर सोलुसन प्रालि सञ्चालन गरिरहेकी छन् । २०६७ सालबाट उनी वैदेशिक रोजगार व्यवसायमा आबद्ध छिन् । प्रस्तुत छ उनीसँग वैदेशिक रोजगार व्यवसायको अनुभव, यस क्षेत्रको समस्या, अवसरलगायत समसामयिक विषयमा केन्द्रित रहेर *प्रभावकर्मी* ***ममता थापा****ले* गरेको कुराकानीः

**वैदेशिक रोजगार व्यवसाय सुरु गर्नुभएको कति भयो ?**

यो पेसामा २०६७ सालबाट प्रवेश गरेकी हुँ । अरुले गरेको देखेर यो पेसा एकदम राम्रो जस्तो लाग्थ्यो, मन परिरहेको थियो । तर कसरी गर्ने, के गर्ने केही थाहा थिएन । अचानक कसैसँग सम्पर्क भयो र सुरु गरियो । अरुले सिकेर सुरुआत गर्छन्, मैलेचाहिँ सुरुआत गरेर सिकेँ ।

**सुरुमै सञ्चालकको रूपमा कि अन्य भूमिकाबाट प्रवेश गर्नुभयो ?**

२०६७ मा फ्युचर स्टार भन्ने म्यानपावरको सञ्चालक भएरै सुरु गरेँ । त्यसमा हामी तीनजनाको बराबर सेयर थियो । केही वर्ष सँगै काम गर्यौं । ‘तीन निकट महाविकट’ भनेजस्तो काम गर्न गाह्रो हुन थाल्यो । तीन जनामध्ये हामी दुई जना अलग भएर फेरि २०७२/७३ मा युरो एसिया दर्ता गर्‍यौं, र अहिले यसैमा छु ।

**यही क्षेत्रचाहिँ किन रोज्नुभयो ?**

यो पेसामा आउनुभन्दा अलि अगाडिदेखि जर्मनी आउने-जाने सिलसिला थियो । जर्मनी नै गए पनि त्यहाँ बसिरहन सकेको थिइनँ । म सम्पन्न परिवारको पनि हैन । कमाएर खानुपर्‍यो । त्यो हुँदा त्यस्तो के पेसा हुन्छ होला, जसमा काम पनि गर्न सकियोस्, घुमफिर पनि गर्न सकियोस् भन्ने सोच्थें । मेरो दिमागमा एउटा ट्राभल एजेन्सी र अर्को म्यानपावर थियो । म्यानपावर सेक्टरमा अचानक पार्टनर चाहियो भनेर विज्ञापन देखें अनि काम गर्दै सिकौंला भनेर जोडिएँ ।

**अलिकति पछाडि फर्कौं, यहाँको बाल्यकाल कसरी बित्यो ? के बन्ने उद्देश्य थियो ?**

नुवाकोटको बेलकोटगढी नगरपालिका आरुखर्क-१ हो मेरो जन्मस्थल । मेरो बुबा पहिलेदेखि नै प्रगतिशील सोचको हुनुहुन्थ्यो । गाउँको स्कुलमा पाँच कक्षासम्म पढेपछि आर्थिक अवस्था त्यत्ति राम्रो नहुँदा पनि दाइहरूसँगै काठमाडौं पढ्न पठाउनुभयो । मलाई याद हुँदा म त राम्रो ‘हाउसवाइफ’ (गृहिणी) बन्छु, राम्रो परिवार चलाउँछु भन्ने थियो । पछि गएर दुनियाँ देख्दै गएँ । त्यसपछि मेरो पनि महत्त्वाकांक्षा बढे छन् क्यार । अनि मान्छेहरू देश विदेश गएर आएको कुरा एकदमै मनपर्ने । कति कक्षाको हो भूगोमा अमेरिकाचाहिँ हाम्रो ठ्याक्कै उल्टो पर्छ रे भनेर पढ्नुपर्थ्यो । आमासँग म यो सबै खनेर सीधै अमेरिका निस्किन्छु भनेर कुरा गर्थे । त्यस्तै, ८-९ कक्षामा होला ‘पेरिस मुस्कुराउँछ रङ नै रङमा’ भनेर पढ्नुपर्थ्यो । यो पढेको भएर पाठमा भएका ठाउँमाचाहिँ पुग्नैपर्छ भन्ने भयो ।

**यहाँले सुरुआत गर्दा र अहिले वैदेशिक रोजगार व्यवसायको अवस्थामा के फरक छ ?**

त्यो बेला निश्चित देशका लागि निश्चित शुल्क लिन पाउने थियो । पछि ‘जिरो कस्ट’ (शून्य लागत) भन्ने निकै नै लोकप्रिय नारा आयो । यदि व्यावहारिकरूपमै लागू हुन सक्थ्यो भने त्यो राम्रो पनि थियो तर व्यावहारिक नहुँदा कति व्यवसायीलाई मर्कामा पार्‍यो । पैसा नलिइकन कारोबार हुँदैन, पैसा लिँदा व्यवसायी र कामदार दुवै पक्षलाई समस्या भयो ।

**‘फ्रि-भिसा, फ्रि-टिकट’ त श्रमिकमैत्री प्रावधान हो । तपाईंहरूले आफ्नो लागिमात्र हेर्नुभयो भन्ने आरोज छ नि ?**

व्यावहारिक कुरा के छ भने, सबै कम्पनीले फ्रि-भिसा, फ्रि-टिकट दिँदैनन् । फ्रि-भिसा, फ्रि-टिकट आयो भने फ्रिमा उडाउँदै पनि आएका छौं । तर विदेशमा काम गर्न जाने भनेको नेपालीमात्र छैनन् । भारत, पाकिस्तान, बंगलादेश, फिलिपिन्सलगायतका देशबाट पनि जान्छन् । अरु देशको श्रमिक अझ दक्ष भएर गइरहेका छन् । नेपालबाट मात्र लग्दाचाहिँ हामीले आफ्नो डिमाण्ड पनि राख्न पाइन्थ्यो होला । सबैतिरबाट कामदार आपूर्ति भइरहँदा हाम्रो मात्र सर्त कार्यान्वयन हुन नसक्ने भयो ।

अर्को कुरा, व्यवसाय भनेर गरेपछि नाफामूलक नै हुन्छ । यसमा मोही माग्ने ढुंग्रो लुकाउने गर्नु हुँदैन । सरकारले हामीलाई भन्दा १० हजार रूपैयाँभन्दा बढी पनि नलिऊ भन्ने अनि हामीलाई लाइसेन्स दिँदा न्यूनतम दुईदेखि छ करोड रूपैयाँसम्म धरौटी राख्नुपर्छ । अनि सेवा शुल्क नै १० हजारभन्दा लिन नपाइने भन्ने कुरा आफैंमा मेल खाँदैन ।

**प्रगतिशील विचार बोक्नुभएको बुबाले म्यानपावर व्यवसायमा आएको कत्तिको मन पराउनुभयो त ?**

व्यवसायमा आउनुभन्दा अघि धेरै ठाउँ भ्रमण गरिसकेको थिएँ । मेरो परिवारले मैले जे गर्छु अरुकोभन्दा फरक र राम्रो गर्छु भन्ने विश्वास गर्नुहुन्थ्यो ।

**सुरुआती समयमा के-कस्ता समस्यासँग जुध्नुपर्‍यो ?**

सुरुसुरुमा पठाएको मान्छेहरूको कम्प्लेन आउने, यस्तो भएन भन्दा सानो कुराले पनि उनीहरूलाई भन्दा बढी चोट आफूलाई हुने । एक चोटि त साउदी अरबमा १००० प्लस २०० भनेर मान्छे पठाएको तर कम्पनीले ८०० प्लस २०० मात्र दियो भनेपछि चार दिनसम्म ब्लड प्रेसर लो भएर घरमै सुतेर बसेँ । आफू इमान, निष्ठामा चल्ने मान्छे । यस्तो भए पनि म काम गर्न सक्दिनँ भनेपछि कम्पनीबाट अहिले परीक्षणकाल भएर हो, पछि पूरा तलब पाउँछन् भन्ने जवाफ आयो । त्यसपछि उनीहरूको परिवारलाई बोलाएर सबै कुरा भनेँ । यो घटनापछि मलाई स्ट्रेन्थ पनि आयो । केही समस्या आउँदा आत्तिहाल्न हुँदैन । त्यसको समाधान पनि हुँदो रहेछ भनेर ।

**गलत पेसा रोजेँ कि जस्तो लागेन कहिल्यै ?**

इमान्दारसाथ भन्नुपर्दा, हामी १०० को हाराहारीमा महिला व्यवसायी छौं । त्यसमा कतिपय दिदीबहिनी व्यवसाय गर्दा अलिकति फरक तरिकाले गरिरहनुभएको छ । आफ्नो स्ट्रेन्थलाई नचिनेर अरुलाई बढी आधार मानेर काम गरेजस्तो अनुभूति हुन्छ । कसैले महिला व्यवसायी भन्दै गर्दा अरुको नजरमा म पनि उनीहरूजस्तै दखिएँ कि जस्तो लाग्छ । हुन त अहिलेको समयमा यस्तो कुरा वाञ्छनीय नहोला, तर यो पेसामा धेरैजसोको रहनसहन, उठबस, खानपान आदि तामसी खालको हुने भएर मलाईचाहिँ खिन्न हुन्छ । किनकि, यो पेसा पनि सम्मानित हो, हाम्रो व्यक्तित्व पनि सम्मानित बनाउनुपर्छ भन्छु ।

**काम गर्ने दौरानमा आएको कुनै जटिल घटना छ ?**

युएईका लागि हयात रिजेन्सीमा अन्तर्वार्ता थियो । त्यहींको सेक्युरिटी गार्ड आएर म अन्तर्वार्ता दिनसक्छु ? भन्नुभयो । हुन्छ, भनेपछि कागजात जुटाएर अन्तरवार्ताको व्यवस्था मिलाएँ । ती व्यक्ति पास भएर गए । मेरो जर्मनी आउने-जाने क्रम चलिरहेको थियो । पछि उनको सुतेको ठाउँमै डेथ भएछ । त्यो मैले पठाएपछिको पहिलो घटना थियो । मैले त्यो मान्छेलाई नपठाएको भए उसको मृत्यु हुँदैन थियो कि, अन्तरवार्ता नदेऊ भन्नुपर्ने रहेछ, भनेर त्यो घटनाले मलाई धेरै दिनसम्म गिल्टी फिल भएको थियो, कस्तो काम गरेछु मैले भनेर ।

**अहिले के-के छन् व्यवसायीका समस्या ?**

व्यवसायीमाथि चर्को कानुन छ । भनेजस्तो नहुनेबित्तिकै २४ घण्टामै हाजिर हुने पुर्जी आउँछ, एलटी नै ब्लक गरिदिने हुन्छ । एक हिसाबले मिडियाहरू पनि परिचालित भइरहेका छन् । कामदारको हाकमा बोल्न सरकार छ, मिडिया छ । तर व्यवसायीलाई परेको पीर मर्का बुझ्ने कोही छैन । एक लाख जना बाहिर गएका छन् र दुई-तीन प्रतिशतलाई समस्या पर्‍यो भने उनीहरूकोचाहिँ धेरै प्रचारप्रसार हुन्छ । जसको राम्रो भएको छ उनीहरूको कसैले कहीं उल्लेख गर्दैन । त्यो मानेमा हामी ओझेलमै पारिएका छौं ।

**यो क्षेत्रमा महिलाको उपस्थिति कस्तो छ ?**

विभेद छ यहाँ पनि । महिला हो, सक्दैन । त्यो पदमा त हामी जाने हो नि । कोषाध्यक्षसम्म दिएकै छ, यतिवटा सदस्य दिएकै छ नि भनेर ह्युमिलेट गर्ने काम प्रत्यक्ष अप्रत्यक्षरूपमा भएका छन् । कोही पनि मानिस पूर्ण छैन । महिला र पुरुष पनि बराबरी छैनौं । प्रकृतिले नै समान बनाएको छैन तर हामी फरक-फरक कुरामा दक्ष छौं । प्रकृतिले हामीलाई पनि केही विशेष क्षमता दिएको छ । ‘लर्निङ बाइ डुइङ’ हो नि त । गरेपछि सिक्छन्, जान्छन् भनेर पनि नेतृत्वदायी भूमिका दिनुपर्छ भन्ने मेरो धारणा हो ।

**नेतृत्वदायी भूमिकामा पुग्न नसक्नुको कारण के रहेछ ?**

जहाँ पनि राजनीतिक प्रभाव बढेको कारणले एउटा पार्टीले फलानो फलानोलाई लाने भन्छ, त्यसमा आर्थिकरूपले सबल, आफ्नो जनसम्पर्कको हिसाबले सबल दाजुभाइले आफ्नै दुनो सोझ्याउनुहुन्छ । ठूलो पद केटा मान्छेलाई चाहिन्छ भन्ने मानसिकता छ । महिलालाई यसमा बस, धेरै काम गर्न नि पर्दैन भन्ने र दिदीबहिनी पनि त्यसमै खुसी भइदिने । यसकारण नेतृत्वदायी भूमिकामा पुग्न पाउनुभएको छैन । हालै संशोधन गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विधानमा स्वतः महिला उपाध्यक्ष हुनुपर्छ भन्ने छ । त्यो स्वतः दिएको पदभन्दा पनि खुला नै उठ्नपर्छ । महिलाहरूले पनि पदअनुसार आफूलाई तयार गरेर आउन सक्नुपर्छ ।

**व्यवसायीहरूको छाता संगठन वैदेशिक रोजगार व्यवसायी संघलाई केही सुझाव छ ?**

जो पनि नेतृत्वमा जानुहुन्छ, सबभन्दा पहिले ब्युरोक्रयाट्सँग, नेतृत्वसँग कसरी नजिक हुने भन्ने देखिन्छ । व्यवसायीसँग नजिक हुनुहोस् । व्यवसायीलाई पार्टीगत, गुटगतरूपमा छुट्याउने प्रवृत्ति छ, त्यो मेटाउनपर्छ । नेम, फेमको पछि लाग्नेभन्दा पनि मेरो नेतृत्वमा यो परिवर्तन भयो भन्ने आफैंलाई सन्तुष्ट हुने खालका काम गर्नुपर्छ । मन्त्रीसँग गएर फोटो फेसबुकमा हालेर, अथवा दुई-चार ठाउँमा खादा, माला लाएर केही हुँदैन । त्यो सब आडम्बर हो ।

**अन्त्यमा, यो पेसामा आउन चाहने महिलालाई के सन्देश दिनुहुन्छ ?**

अरुभन्दा यो फरक पेसा भएकाले सर्वप्रथम आत्मबल चाहिन्छ । परिस्थितिअनुसार जस्तो पनि भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यसपछि, सरकारले राखिदिएको दुई करोड धरौटीको व्यवस्था गर्नैपर्‍यो । अफिस सेटअप गर्नैपर्‍यो । अब सुरुमै कमाइ होला भन्ने केही ग्यारेन्टी हुँदैन । केही समय कर्मचारी पाल्ने तयारी गर्नैपर्‍यो । त्यसपछि सबैभन्दा ठूलो कुराचाहिँ जे पेसा गर्छौं त्यसमा आफू रमाउन सकिन्छ कि सकिँदैन भन्ने हेर्नुपर्छ, नत्र दिनदिनै थाकिन्छ ।


## पूर्वाधार विकास कार्यालय
भद्रपुर, झापा

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुंगे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

त्यसैले :

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं । सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं । सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं । सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं । सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो । दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार । आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ